का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ फागुन २०८२
शुक्रबार
6 March 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
इपेपर हेर्नु





कभर स्टोरी

# रास्वपाको छलाङ


■ जनक नेपाल र दिवाकर अधिकारी/मध्यान्ह

सबै ठिकठाक हुँदो हो त, दुई वर्षपछि २०८४ मा आवधिक निर्वाचनमा हुने थियो । दलहरु मिसन-२०८४ को नारासहित जनतामा गइसकेका थिए । जेनजी आन्दोलनले ल्याएको उथलपुथलले दुई वर्षअघि नै भएको प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले छलाङ मार्ने प्रष्ट संकेत देखिएको छ ।

तीन वर्षअघि संसदीय राजनीतिमा उदाएको रास्वपाले बिहीबार सम्पन्न निर्वाचनबाट प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल बन्ने देखिन्छ । चुनावी अभियानमा देखिएको लहर मतदानसम्मै देखिएपछि उसको जित आंकलन गरिएको हो । चुनाव रास्वपाको पक्षमा पर्नुका मुख्य तीन आधार देखिन्छ । पहिलो, वर्षौंदेखि एउटै दललाई मत दिँदै आएका मतदाताले यसपटक मत बदलेको पाइयो । अर्को, नयाँ र पुराना दलको ध्रुवीकरणमा रास्वपालाई लाभ मिलेको छ । तेस्रो कारण, अति दलीयकरण, कुशासन, बेथिति र भ्रष्टाचारबाट उत्पन्न असन्तुष्टि र निराशाको मत पनि रास्वपालाई नै गएको अनुमान छ । रास्वपाको पक्षमा उर्लिएको लहर बहुमतसम्म पुग्ला वा नपुग्दा अहिल्यै भन्न नसकिए पनि प्रतिनिधिसभाको पहिलो दल बन्ने भने निश्चितजस्तै देखिएको छ ।

त्यसो त, रास्वपा अघिल्लो निर्वाचनबाटै उदाएको दल हो । गत स्थानीय तह निर्वाचनमा काठमाडौं, धरान र धनगढीमा स्वतन्त्र उम्मेदवारको जितपछि हौसिएर संचारकर्मी रवि लामिछानेको नेतृत्वमा यो दल खुलेको हो । गठन भएको तीन महिनामै चुनावमा गएको रास्वपाले तत्कालीन माओवादी केन्द्र हाराहारीकै मत ल्याएर २०७९ सालमै संसद्को चौथो ठुलो दल बनेको थियो । पृष्ठ २ मा

## कम्युनिष्टलाई धक्का




वाम दलहरूबीचको विभाजन, गठबन्धन राजनीति, नयाँ दलहरूको उदय तथा मतदातामा बढ्दो असन्तुष्टिका कारण कम्युनिष्ट दलहरूको मत हिस्सा घट्न सक्ने अनुमान गरिएका हो ।

## पपुलर मत जोगिने आसमा कांग्रेस

विस्तृत पृष्ठ २ मा

# मतदान शान्तिपूर्ण, नतिजाको पर्खाइ

रूपेश आचार्य/मध्यान्ह
काठमाडौं, २१ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ अन्तर्गत बिहीबार मुलुकभर समग्रमा शान्तिपूर्ण मतदान सम्पन्न भएको छ ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीका अनुसार देशभर गरी ६० प्रतिशत मतदान भएको प्रारम्भिक अनुमान छ । काठमाडौं उपत्यकाका तीन जिल्ला मध्ये ६१.९४, ललितपुरमा ३८.३३ र भक्तपुरमा ७२.९ प्रतिशत मत खसेको छ । बिहीबार साँझ आयोगमा आयोजित पत्रकार सम्मेलनमा उनले यसमा पहिलो पटक मतदान गर्नेहरु नवयुवाको सहभागिता उत्साहपूर्ण रहेको समेत बताए । 'नवयुवा मतदाता, न्यायिक र प्रशासनिक तथा प्रतिस्पर्धामा रहेका राजनीतिक शक्ति लगायत सबै पक्षले आयोगलाई निर्वाचन सफलता पूर्वक सम्पन्न गरेकोमा धन्यवाद दिएका छन्', भण्डारीको भनाई थियो ।

सञ्चारकर्मीको प्रश्नको उत्तर दिँदै भण्डारीले कानुनको अभावमा धेरैतिर बाट सुझाव आए पनि 'नो भोट'को व्यवस्था गर्न नसकिएको जानकारी समेत दिए । आयोगले कुनै पनि नागरिकलाई भोट हाल्नै पर्छ भनेर बाध्य पार्न नसक्ने बताउँदै दार्चुला लगायतका केही मतदान केन्द्रमा स्थानीय विषयलाई लिएर असन्तुष्ट मतदाताले भोट नहालेको समेत उनले बताए ।

फागुन २१ गतेका लागि निर्वाचन घोषणा भएको दिन (भदौ २७) का दिन देखि नै अर्जुन दृष्टि



## परिवर्तनको आशामा मतदाता

सपना बोहरा/मध्यान्ह
काठमाडौं, २१ फागुन

बानेश्वरका सुरेश पण्डित उमेरले ६० वसन्त पार गरे । अशक्त शरिर त्यसमाथी हवील चियारमा उनी परिवारको सहारामा थिए । उनि बिहानै मत हाल्नको लागि श्री रत्न राज्य माध्यमिक विद्यालयमा बुथमा भेटिएका थिए । निकै उत्साहका साथ भोट हालेका थिए । त्यति मात्रै होईन् उनले मतदान गरेको उम्मेदवार निर्वाचित हुने समेत निश्चित गरेका थिए । 'परिवर्तनको लागि भोट हाल्न आएको हुँ, भ्रष्टाचार, अराजक भयो,'उनले भनिन्, 'यो निर्वाचनले देशमा शन्ति ल्याओस ।' अव देशमा शान्तीको भएको देख्न पाउने उनको चाहना छ । पृष्ठ २ मा

दिएको पनि कार्यबाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताए । 'मतदाताहरू मतदान नै नगरी फर्किएको अवस्था छैन', उनले थपे ।

### जहाँ मतदान गर्न कोही आएनन्

बाँके राष्ट्रिय निकुञ्ज क्षेत्रअन्तर्गत पर्ने दाङको बबई गाउँपालिका-७ स्थित देउती पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## कतारी समकक्षी शेख मोहम्मदलाई कार्कीको धन्यवाद



मध्यान्ह संवाददाता
काठमाडौं, २१ फागुन

प्रधानमन्त्री सुशीला कार्कीले कतारका समकक्षी शेख मोहम्मद बिन अब्दुलरहमान अल-थानीलाई धन्यवाद दिएकी छन् । प्रधानमन्त्री कार्कीले बिहीबार टेलिफोन वार्ता गरी कतारमा रहेका तीन लाख ६० हजारभन्दा बढी नेपाली नागरिकलाई सुरक्षा तथा संरक्षण उपलब्ध गराएकोमा नेपाल सरकार र नेपाली जनताको तर्फबाट कतारी प्रधानमन्त्री थानीलाई धन्यवाद दिएकी हुन् ।

पश्चिम एसिया क्षेत्रमा पछिल्ला दिनमा विकसित घटनाक्रमप्रति चिन्ता व्यक्त गर्दै प्रधानमन्त्री कार्कीले पश्चिम एसिया क्षेत्रमा विकसित घटनाक्रमलाई नेपालले नजिकबाट नियालिरहेको बताएकी छन् ।

सम्बद्ध सबै पक्षलाई संयमित रहन, द्वन्द्वलाई थप नचर्काउन र नागरिकको सुरक्षाको प्रत्याभूति हुनुपर्ने नेपालको धारणा रहेको बताउँदै प्रधानमन्त्री कार्कीले नेपालले सबै राष्ट्रले संयुक्त राष्ट्र संघको बडापत्र, पृष्ठ २ मा

कभर स्टोरी

# एमाले–नेकपालाई धक्का



वाम दलहरूबीचको विभाजन, गठबन्धन राजनीति, नयाँ दलहरूको उदय तथा मतदातामा बढ्दो असन्तुष्टिका कारण कम्युनिस्ट दलहरूको मत हिस्सा घट्न सक्ने अनुमान गरिएका हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ फागुन

नेपालमा नौ वटा आम चुनाव भए । विगतका पछिल्ला चुनावहरूमा एउटा ठूलो शक्तिको रुपमा रहँदै आएको कम्युनिस्ट शक्ति यसपटक खुम्चिने अनुमान गरिएको छ ।

२०१५ साल फागुन ७ गते देशमा भएको पहिलो आमनिर्वाचनमा कांग्रेसले दुईतिहाइ मत पाएको थियो । त्यसबेला कांग्रेसले ७४ सिट जित्दा नेपाली कम्युनिस्ट पार्टीको ४ सिट थियो । उक्त संसद् लामो समय चलेन । २०१७ सालमा तत्कालीन राजा महेन्द्रले कु गरेर पञ्चायती शासन सुरु गरे । या व्यवस्था ३० वर्ष चल्यो । २०४६ सालमा प्रजातन्त्र पुर्नस्थापना भएपछि २०४८ मा आम निर्वाचन भयो । त्यसबेला पनि कांग्रेसले दुइ तिहाइ बहसमत ल्यायो । कांग्रेसले ११० सिट जित्दा नेकपा एमालेले ६९ सिट जित्यो । अर्थात्, दोस्रो ठूलो दल भएर कम्युनिस्ट बलियो दलको रुपमा उदायो । त्यसबेला एमाले बाहेकका कम्युनिस्ट दलहरू संयुक्त जनमोर्चाले ९, नेमकिपा र नेकपा प्रजातन्त्रवादीले २/२ सिट ल्याएका थिए ।

त्यसबेला देखि नै नेपालमा कम्युनिस्टको प्रभाव बढेको हो । तर, २०४८ को संसद् पुरै कार्यकाल चल्न सकेन । २०५१ मा मध्यावधि चुनाव भयो । मध्यावधि चुनावमा ८८ सिट ल्याएर सबैभन्दा ठूला दल बन्यो । ८३ सिट सहित कांग्रेस दोस्रो भयो । अर्को कम्युनिस्ट दल नेमकिपाले ४ सिट पाएको थियो ।

२०५६ को चुनावमा १११ सिट ल्याएर कांग्रेसले बहुमतमा पुग्यो । ७१ सिटसहित एमाले दोस्रो भयो । यसबाहेक कम्युनिस्ट दलहरू राष्ट्रिय जनमोर्चाले ५, संयुक्त जनमोर्चा र नेमकिपाले एक/एक सिट पाए ।

२०६४ को संविधानसभा सदस्य निर्वाचनबाट नेकपा माओवादी २२० सिट सहित पहिलो दल बनेको थियो । नेकपा एमालेले १०३ सिट जितेको थियो । ६१० सदस्यीय संविधानसभामा त्यसबेला कांग्रेसले ११० सिट जितेको थियो ।

अन्य कम्युनिस्ट दलहरूमध्ये नेकपा मालेको ९, जनमोर्चाको ८, नेकपा एकीकृत र नेमकिपाको ५/५ र नेकपा संयुक्तको २ सिट थियो ।

पहिलो संविधानसभाले संविधान बनाउन सकेन । २०७० सालको दोस्रो संविधान सभामा २०६ सिट ल्याएर कांग्रेस पहिलो दल बन्यो । एमाले १८४ सिटसहित दोस्रो र माओवादी ८३ सिटसहित तेस्रो भयो । यसबाहेक कम्युनिस्ट दलहरूमा नेकपा मालेले ५, नेमकिपा ४, राष्ट्रिय जनमोर्चा र नेकपा संयुक्तले ३/३ सिट ल्याए ।

२०७४ मा एमालेले १२१ सिट ल्याएर पहिलो दल बन्दा माओवादीले ५३ सिट पाएको थियो । त्यसबेला कांग्रेसले ६३ सिट पाएको थियो ।

२०७९ सालको निर्वाचनमा नेपाली कांग्रेस ८९ सिट सहित पहिलो दल बन्दा एमाले ७९ सिटसहित दोस्रो भयो । माओवादी ३२ सिटमा खुम्चियो । नेमकिपा र जनमोर्चाले एक/एक सिट ल्याए ।

तर यसपटकको निर्वाचनमा भने परिस्थिति केही फरक देखिन्छ । वाम दलहरूबीचको विभाजन, गठबन्धन राजनीति, नयाँ दलहरूको उदय तथा मतदातामा बढ्दो असन्तुष्टिका कारण कम्युनिस्ट दलहरूको मत हिस्सा घट्न सक्ने अनुमान गरिएका हो । यद्यपि, नेपालमा वाम राजनीतिक धाराको ऐतिहासिक जनाधार बलियो भएकाले मत कति घट्छ भन्ने कुरा भने निर्वाचन परिणामपछि मात्र स्पष्ट थाहा लाग्नेछ ।

# पपुलर मत जोगिने आसमा कांग्रेस



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ फागुन

बिहीबार मतदान सम्पन्न भएसँगै नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले मतदाताहरूलाई धन्यवाद दिए । उनले विज्ञप्ति नै निकालेर भनेका छन्, 'एकातर्फ लोकतान्त्रिक प्रणालीप्रति तपाईंहरुको गहिरो विश्वासलाई पुष्टि गरेको छ भने अर्कातर्फ राजनीतिक दलहरू र अब बन्ने सरकारलाई जनअपेक्षा अनुसार काम गर्न थप जिम्मेवार बनाएको छ ।'

कांग्रेस आफैंका लागि यसपटकको चुनाव महत्वपूर्ण छ । किनभने समानुपातिक तर्फको मनोनय दर्ता भइसकेपछि पार्टी नेतृत्वमा परिवर्तन भएको थियो । विशेष महाधिवेशनबाट भएको नेतृत्व परिवर्तनको विषयलाई तत्कालीन सभापति शेरबहादुर देउवा पक्षले स्वीकारेन न र सर्वोच्च अदालत गएको छ । तथापि, चुनावमा पार्टी नेता/कार्यकर्ता एक भएर लागेको उनीहरूको भनाइ छ ।

कांग्रेस नेताहरूका अनुसार यसपटक वैकल्पिक शक्तिको रुपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी निर्णायक शक्ति हुँदै गर्दा पनि कांग्रेस पपुलर मत जोगिने आशमा छ । यसको आधारको रुपमा पार्टी नेतृत्वमा आएको परिवर्तनलाई देखाइएको छ । गगन थापा सभापति बनेपछि पार्टीले पुस्तान्तरणको सन्देश दिएको भन्दै कतिपय विश्लेषकले यसलाई कांग्रेसका लागि अवसरका रूपमा हेरेका छन् । युवापुस्तामाझ लोकप्रिय मानिने थापाको नेतृत्वले पार्टीलाई नीतिगत बहस र सुधारको दिशातर्फ लैजान सक्ने अपेक्षा कतिपयमा छ । यही अपेक्षाले गत चुनावमा पाएको पपुलर मत जोगिने आश कांग्रेसले गरेको हो । कांग्रेसले गत चुनावमा समानुपातिक तर्फ २६ लाख ६६ हजार २६२ मत पाएको थियो । यसलाई जोगाउने प्रयास गरेको हो ।

कांग्रेस नेताहरूका कांग्रेसले दुई कोणबाट चुनावी काम गरेको छ । पहिलो, विगतमा प्राप्त पपुलर मत घट्न नदिन संगठन र कार्यकर्तालाई सक्रिय बनाएको थियो भने शहरी मतदाता तथा युवापुस्तामाझ नयाँ नेतृत्वमार्फत भरोसा जगाउने प्रयास गरेको थियो ।

## रास्वपाको...

त्यतिबेलै काठमाडौं उपत्यका र सहरी मतदाताले रास्वपालाई नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रजस्ता पुराना दलको विकल्पका रुपमा हेरेका थिए । त्यतिबेला प्रत्यक्षतर्फ २१ र समानुपातिकतर्फ ११ लाख मत ल्याएको रास्वपालाई पाँच वर्षपछिको मुख्य शक्ति ठानिएको थियो । युवा नेता र प्रियतावादी नारासहित राजनीतिमा आएको सो दलले दुई वर्षमै त्यो मौका पाएको छ । रास्वपाको अहिलेको लहरमा 'बालेन फ्याक्टर'ले काम गरेको छ ।

काठमाडौं महानगरको मेयरमा स्वतन्त्र उम्मेदवारी दिँदा बालेन्द्र शाह 'बालेन'ले दलीय राजनीति नगर्ने प्रतिबद्धता जनाएका थिए । तर, जेनजी आन्दोलनपछिको आकस्मिक निर्वाचनले उनलाई दलमा मात्र पुर्‍याएन्, मेयरको कार्यकाल आधा-अधुरै राखेर प्रधानमन्त्रीको सपना पनि देखायो । एक दशकदेखि प्रधानमन्त्रीको म्युजिकल चियरमा रमाइरहेको तीन दलीय सिन्डिकेटले वाक्क नागरिकको असन्तुष्टि र निराशामा उनले अवसर देखे । अनि, आफैले बारम्बार आलोचना गरेका रवि लामिछानेलाई नेता मानेर रास्वपा प्रवेश गरे । रवि-बालेनको एकता नै चुनावी लहरको मुख्य कारण बन्न पुग्यो ।

बालेनको क्रेज ह्वात्तै बढ्नुका दुई कारण देखिन्छन् । पहिलो, उनी आफै लोकप्रिय र्‍यापर हुन् । सामाजिक सञ्जालमा उनका लाखौं फ्यान छन् । स्वतन्त्र उठेर काठमाडौं महानगरको मेयर जित्नुमा बालेनको त्यही लोकप्रियता अनि, युवा रिझाउने भिन्न चुनावी रणनीतिले काम गरेको थियो । झण्डै तीन वर्षे कार्यकालमा मेयरका रुपमा उनी औसत नै रहे । तर, सामाजिक सञ्जालमा उनको लोकप्रियता घटेन् । महानगरमा उल्लेख्य नतिजा नदेखिए पनि समर्थकले काठमाडौंलाई नै 'बालेन सिटी' भन्न थालिसकेका थिए । मेयरबाट राजीनामा दिएर हिजो आफैले अस्वीकार गरेको दलीय राजनीतिमा जाँदासमेत उनले कुनै प्रश्नको सामना गर्नुपरेन् ।

मुख्य कारण, बालेनलाई रास्वपा सभापति लामिछानेले भावी प्रधानमन्त्रीका रुपमा अघि सारे । उनी प्रधानमन्त्रीहुँदा मुलुकले पहिलोपल्ट मधेसी मुलको कार्यकारी प्रमुख पाउने छ । ५ माघको जनकपुर सभाको यो उद्घोषले सिंगो मधेसमा बालेन लहर ल्याइदियो । ३२ निर्वाचन क्षेत्र र झण्डै ३६ लाख मतदाता रहेको मधेसले एकपल्ट मधेसबाट प्रधानमन्त्री भएको देख्न चाह्यो । मधेसले न रास्वपा चिन्यो, न उसका उम्मेदवार । उसले घण्टी चिन्यो, त्योभन्दा ज्यादा बालेन । त्यो लहर तराई-मधेसभर फैलियो । महोत्तरी पुर्ख्यौली घर भए पनि उनले मधेसी पहिचानलाई खासै महत्व दिएका थिएनन् । तर, चुनावले उनलाई पुरापुर मधेसको सपना बनाइदियो । त्यही 'मधेस कार्ड' नै रास्वपा पहिलो शक्ति बन्ने मुख्य आधार बन्यो ।

सहरी र पहाडी क्षेत्रमा बालेन पहिल्यै लोकप्रिय छँदैथिए । सम्भवः त्यसैले उनको क्रेज कोशीका पहाडदेखि सुदूरपश्चिमका अछाम-बैतडीसम्मै फैलियो । बालेनको क्रेजले मधेस र पहाडको दूरीसमेत घटाएको देखियो । संसदको चौथो शक्ति पहिलो दलमा छलाङ मार्दा तत्कालीन पहिलो दल कांग्रेस र दोस्रो दल एमाले एक-एक तह घटुवामा पर्ने देखिन्छ । निराशामा सपना देखाएर उदाएको रास्वपाका लागि ती बलिया प्रतिपक्ष हुनेछन् ।

## मतदान...

माध्यमिक विद्यालय तल्लो मलैमा मतदान केन्द्रमा मतदान गर्न कोही पुगेनन्। स्थानीयले बस्ती स्थानान्तरण गर्न लामो समय देखि माग गर्दै आएकोमा थिए। तर उक्त माग पूरा नभएको आक्रोश उनीहरुले यसरे पोखेका थिए । त्यसैगरी ओखलढुंगाको मानेभञ्ज्याङ गाउँपालिका-७ स्थित टोक्सेल मतदान केन्द्रमा पनि स्थानीयहरू मतदान गर्न नपुगे पछि चार जना कर्मचारीले समानुपातिक मत हालेका थिए । जिल्लाका मुख्य निर्वाचन अधिकृत हरि कोइरालाले १८ गते आयोगका कर्मचारी त्यहाँ पुगेदेखि नै त्यहाँका जनताले 'यसपालि हाम्रो नो भोट भन्न थालेको जानकारी दिए । 'हामीले स्थानीय जनप्रतिनिधि र दलका प्रतिनिधिलाई सकेसम्म सम्झाउन भनेका थियौं । मतदानको दिनसमेत पनि त्यो सफल भएन । बिहान मुचुल्का समेत बल्ल बल्ल गरेर दिनभर बस्यौं कसैको भोट नपरेपछि रित्ता बाकस लैजाँदै छौं '। यसो हुनुको कारण त्यहाँ अस्पताल बनाउनका लागि १६५ रोपनी जग्गा जनताले दिएका र पछि त्यस तर्फ कुनै प्रगति नभएपछि असन्तोष पोख्न यो माध्यम अपनाएका हुनसक्ने पनि कोइरालाले बताए ।

यसपटक निर्वाचनमा एक करोड ८९ लाख ३ हजार ६८९ मतदाता थिए। यसमध्ये ९६ लाख ६३ हजार ३५८ पुरुष मतदाता, ९२ लाख ४० हजार १३१ महिला मतदाता र २ सय जना अन्य मतदाता थिए। निर्वाचनबाट प्रतिनिधि सभाका लागि प्रत्यक्षतर्फ १ सय ६५ र समानुपातिक तर्फ १ सय १० गरी कुल २ सय ७५ जना सदस्य निर्वाचित हुनेछन्

निर्वाचनमा यसपटक प्रत्यक्षतर्फ कुल १ एक सय ६५ निर्वाचन क्षेत्रमा ६५ राजनीतिक दलका २ हजार २ सय ६३ र १ हजार १ सय ४३ वना स्वतन्त्र गरी कुल ३ हजार ४ हजार ६ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । जसमध्ये ३ हजार १७ जना पुरुष र ३ सय ८८ जना महिला उम्मेदवार छन् । अन्यबाट समेत १ जनाको उम्मेदवारी परेको छ । समानुपातिकतर्फ भने कुल ६३ दलबाट ३ हजार १ सय ३५ जनाको उम्मेदवारी छ ।

## परिवर्तनको...

'अव संसद जल्ने, रगतको खोली बग्ने समय नआओस,'उनले भने, 'अव जसको सरकार वनेपनि स्थीर सरकार वनोस ।'

डिल्लीबजार स्थीत पद्मकन्या विद्याश्रम सेकेन्डरी स्कुलमा मतदान गर्न आएकी पुष्पा थापाले सामान्य तर अतिसंवेदनशिल कुराको आश गरेकी छन् । भ्रष्टाचार, महंगीवाट दिक्क भएकी उनी देशमा सुसासन भएको देख्न चाहन्छीन् । 'मलाई सहजरुपमा ग्यास र सहुलियत्रुपमा भान्सा गर्न पाईयोस,' उनले भनिन्, हामी जस्ता सामान्य बर्गको लागि महंगो हटे भयो ।' उनले पनि अव देशमा परिवर्तन हुनु पर्ने बताईन् । ' भदौ २३,र २४ गतेको आन्दोलन अव नदोहरियोस, सरकारी भवन जल्न नपरोस, साना बावबालीकाहरु आफना हक अधिकारको लागि वन्दुकको गोलीले ढल्न नपरोस,' उनले भनिन, अव वन्न सरकार जनताको सरकार वनोस । जेनजी आन्दोलनकै कारण विशेष मतदान हुँदा पनि निकै आशावादी देखिन थिईन् उनी ।

स्थायि सरकार भएर देशमा राम्रो लगानी गर्न चाहन्छन् रञ्जित अग्रवाल । उनी डिल्लीबजार स्थीत मतदान केन्द्रमा भेटिएका उनले भने, 'हामी उद्योगी व्यवसायको माग के हुन सक्छ र? स्थायि सरकार वनेर देशमा सुरक्षित व्यापार गर्न पाईयोस ।' देशमा वढी भ्रष्टाचार भएको उनी बताउँछन् । 'भ्रस्टाचारको अन्तय होस, स्थायि सरकार वनोस,'उनले भने, 'गत भदौको २३, २४ को जस्तो आन्दोलन अव देख्न नपरोस ।'

जेनजी आन्दोलनपछिको विशेष परिस्थितिमा फागुन २१ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा मत हाल्ने अधिकांस मतदाताले परिवर्तनको आशामा मत खसालेको देखिएको छ । केही समय पहिला मोटरसाईकल दुर्घटनामा खुट्टा फरयाक्चर भएका कालीका स्थानका रमेश वुढाथोकी पनि बैशाखी टेकेर मत दान गर्न मतदान स्थल पुगेका थिए । डाक्टरले उनलाई बेड रेस्टको लागि अनुरोध गरेको थियो । तर उनी फरयाक्चर भएको पलास्टर गरेको खुट्टा लिएर उनी मतदान गरेर । 'परिवतर्नको लागि मतदान गर्न आएको हुँ,'उनले भने, 'खुटटा त सञ्चो हुदैं गर्ला, यो भोट त परिवर्तनको लागि हो ।' उनले देशमा सुसानसहितको परिवर्तन आउनु पर्ने बताए ।

काठमाडौँमा भतदान गर्ने अधिकांले परिवर्तनको मत भएको बताएका थिए । १८ वर्ष पार गरेका जेनजीदेखि बृद्धबृद्धाहरुले परिवर्तनको लागि मतदान गर्न आएको बताए । त्यति मात्रै होईन् यो भोटले देशमै परिवर्तन आउने समेत दावि गरेका थिए ।

देशको ७७ वटै जिल्लामा बिहान ७ बजेदेखि अपराह्न ५ बजेसम्म एकै चरणमा मतदान भएको थियो । निर्वाचन आयोगका अनुसार यस पटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता रहेका छन् । निर्वाचन आयोगले करिब ६० प्रतिशत मत खसेको प्रारम्भिक मत खसेको बताएको छ ।

आयोगका कार्यबाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले पत्रकार सम्मेलन गरेर करिब ६० प्रतिशत मत खसेको प्रारम्भिक अनुमान रहेको जानकारी दिएका थिए ।

## कतारी...

अन्तर्राष्ट्रिय कानुन, जेनेभा अभिसन्धि र मानवीय कानुनको उचित सम्मान र पालना गर्नुपर्ने कुरामा जोड दिएको उनको सचिवालयले जनाएको छ ।

कुनै पनि बहानामा युद्ध शान्तिको विकल्प हुन नसक्ने बताउँदै प्रधानमन्त्री कार्कीले वार्ता र कूटनीतिको माध्यमबाट मात्र दीर्घकालीन शान्ति सुनिश्चित हुने बताइन् । उनले दुई मुलुकबीचको सम्बन्ध आगामी दिनमा उच्चस्तरीय भ्रमण आदानप्रदान, आर्थिक तथा सांस्कृतिक सहकार्य र जनस्तरको सम्बन्धमार्फत थप प्रगाढ हुने विश्वास पनि व्यक्त गरिन् ।

टेलिफोन संवादका क्रममा प्रधानमन्त्री कार्कीले कतारको परिस्थितिप्रति ऐक्यबद्धता व्यक्त गर्दै कतारको सार्वभौम भूमिमा खासगरी गैरसैनिक क्षेत्रमा भएको आक्रमणप्रति गहिरो चासो व्यक्त गरिन् ।

साथै उनले कतारले रचनात्मक भूमिकासहित वर्तमान परिस्थितिको सामना गर्न सक्षम हुने विश्वास व्यक्त गरिन् । प्रधानमन्त्री कार्कीको सचिवालयले कतारका प्रधानमन्त्री एवं परराष्ट्रमन्त्री थानीले नेपाल र कतारबीचको सुमधुर, प्रगाढ र मित्रवत् सम्बन्धको उच्च प्रशंसा गरेको उल्लेख गरेको छ ।

# नेताहरूले दिए सरकारलाई धन्यवाद

**काठमाडौं/मस–** प्रतिनिधि सभा सदस्य निर्वाचन शान्तिपूर्ण सम्पन्न भएको भन्दै राजनीतिक दलहरुले सरकारलाई धन्यवाद दिएका छन् । नेकपा एमाले, नेपाली कांग्रेस, रास्वपा लगायत दलहरुले सरकारलाई धन्यवाद दिएका हुन् ।

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले लोकतन्त्रप्रतिको निष्ठा र अटल प्रतिबद्धता बलियो रुपमा अभिव्यक्त भएको बताएका छन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदान सम्पन्न भएपछि विज्ञप्ति जारी गर्दै सभापति थापाले निर्वाचन सम्पन्न गराउने सबैप्रति आभार व्यक्त गर्दै सम्मान प्रकट गरे । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न भएकामा धन्यवाद ज्ञापन गरेका छन् ।

अध्यक्ष ओलीले सामाजिक सञ्जालमार्फत देशभर आम रूपमा शान्तिपूर्ण मतदान सम्पन्न भएकामा धन्यवाद ज्ञापन गरेका छन् ।

'निर्वाचन सम्पन्न गरेकामा सरकार, निर्वाचन आयोग, मतदानमा सहभागी हुनुभएका सम्पूर्ण मतदाता, निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मी सबैलाई धन्यवाद । निर्वाचनमा सक्रिय पार्टीका कार्यकर्ता तथा प्रतिनिधिहरूलाई पनि धन्यवाद'

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मतदानमार्फत जनताले देखाएको उच्च सहभागिता, संयम र संघीय लोकतान्त्रिक गणतन्त्रप्रतिको विश्वासले हाम्रो प्रणालीलाई अझ सुदृढ बनाएको बताएका छन् ।

बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन पश्चात सामाजिक सञ्जाल मार्फत् जारी सन्देशमा उनले शान्तिपूर्ण, सभ्य र लोकतान्त्रिक वातावरणमा सम्पन्न निर्वाचन सम्पन्न गर्न सफल भएकामा सरकार, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, सहभागी राजनीतिक दलहरू, नागरिक समाज एवं सम्पूर्ण मतदाताप्रति आज सामाजिक सञ्जाल (फेसबुक) मार्फत धन्यवाद व्यक्त गर्दै सो कुरा बताए ।

उनले भने, 'एउटा जटिल राजनीतिक परिस्थितिलाई सहजतातर्फ लैजान घोषणा भएको प्रतिनिधिसभाको निर्वाचन तमाम आशङ्का चिर्दै शान्तिपूर्ण, सभ्य र लोकतान्त्रिक वातावरणमा सम्पन्न भएको छ ।' आगामी दिनमा जनताको निर्णयलाई सम्मान गर्दै देश र जनताको हितमा सबैपक्ष मिलेर अघि बढ्ने उनको विश्वास छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाहले प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा आज लोकतन्त्रले जितेको बताएका छन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदानको समय सकिएपछि सामाजिक सञ्जालमा प्रधानमन्त्री सुशीला कार्कीको तस्बिर पोष्ट गर्दै उनले भनेका छन्,' हजुरको नेतृत्वमा आज लोकतन्त्रले जितेको छ ।'

# इरानद्वारा प्रहार गरिएका ब्यालिस्टिक मिसाइल र ड्रोन कतारद्वारा निष्क्रिय

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २१ फागुन

इरानले कतारस्थित विभिन्न भू-भागका संरचना लक्षित गर्दै १४ वटा ब्यालिस्टिक मिसाइल र ४ वटा ड्रोनसहित धेरै क्षेप्यास्त्र आक्रमणहरू गरेको जनाएको छ । कतारको रक्षा मन्त्रालयले बिहीबार बिहान सवा एघार बजेदेखि इरानले गरेका आक्रमणहरूका सम्बन्धमा एक विज्ञप्ति जारी गर्दै उक्त कुराको जानकारी दिएको हो ।

उक्त आक्रमणलाई वायु रक्षा प्रणालीद्वारा प्रतिकार गरिएको जनाउँदै हालका लागि कतारमा कुनैपनि सुरक्षा खतरा नरेहको स्पष्ट पारेको छ ।

'भगवानको कृपाले हाम्रा सशस्त्र बलहरूले १३ वटा मिसाइलहरू सफलतापूर्वक रोकेका छन् भने अन्तिम एउटा मिसाइल कतार राज्यको क्षेत्रीय जलक्षेत्रमा खसेको छ,'मन्त्रालयले जारी गेरको विज्ञप्तिमा उल्लेख छ । विज्ञप्तिमा कुनै पनि मानवीय क्षति बिना नै चार वटा ड्रोनहरू पनि सफलतापूर्वक रोकिएको उल्लेख छ ।

मन्त्रालयले थप जोड दिँदै भनेको छ, 'कतार सशस्त्र बलसँग राज्यको सार्वभौमसत्ता, आफ्नो भू-भागको रक्षा गर्न र कुनै पनि बाह्य खतराको दृढताका साथ जवाफ दिनसक्ने पूर्ण क्षमता र स्रोतहरू छन् ।'

मन्त्रालयले नागरिक, बासिन्दा र आगन्तुकहरूलाई शान्त रहन, सुरक्षा अधिकारीहरूले जारी गरेका आधिकारिक निर्देशनहरू पालना गर्न, अफवाहहरूबाट बच्न र आधिकारिक माध्यमहरूबाट जारी गरिएका जानकारीहरूमा मात्र भर पर्न आग्रह गरेको छ ।

# नि:स्वार्थ र निष्ठा राखेर काम गरे फत्ते हुन्छ : प्रधानमन्त्री

**काठमाडौं/मस-** प्रधानमन्त्री सुशीला कार्कीले नि:स्वार्स्थ र निष्ठा राखेर काम गरे फत्ते हुन्छ भन्ने विश्वासका साथ आफूले काम गरेको बताएकी छिन् ।

प्रतिनिधिसभाको निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएपछि प्रधानमन्त्री कार्कीले भनिन्,'असहज र अनिश्चयपूर्ण अवस्थामा हामिले जिम्मेवारी सम्हालेका थियौँ । तर पनि हामीलाई आत्मविश्वास थियो काम गर्न सक्छौँ भन्ने, लगनशीलता भएमा कुनै कुरामा लागिपरे सम्भव हुने रहेछ, चुनौती भए पनि हामी आफ्नो जिम्मेवारी अनुकूलको काम गर्दै गयौँ ।'

प्रधानमन्त्री कार्कीले चुनौती र बाधा अवरोध धेरै भएको तथा मुख्य चुनौती सुरक्षाको भएको उल्लेख गर्दै एकीकृत निर्वाचन सुरक्षा योजना अनुसार काम गरेको बताइन् । 'त्यो प्रभावकारी पनि भयो, सफलतासाथ शान्ति कायम गर्न सम्भव भयो । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र गृह प्रशासन सबैका बीचमा समन्वय पनि राम्रोसँग भयो । सबैले एउटै राष्ट्रिय भावनाका साथ काम गर्नुभयो, उहाँहरु सबै धन्यवादका पात्र हुनुहुन्छ । सहिद परिवार तथा घाइते योद्धाहरुको संयम र समझदारीलाई पनि यहाँनिर बिर्सन मिल्दैन । उहाँहरुप्रति उच्च सम्मान छ,' उनले भनिन् ।



प्रधानमन्त्री कार्कीले सरकारमाथि विभिन्न प्रकारले आक्रमण र बाधा अवरोध भए पनि त्यसबाट विचलित नभएको उल्लेख गर्दै भनिन्,'जति अवरोध भए पनि हामीले बाटो छाडेनौँ ।'

धेरै चुनौतीको सामना गर्नुपरेको जिकिर गर्दै प्रधानमन्त्री कार्कीले भनिन्, 'हामीलाई दलहरुले नै अयोग्य भनेकै हुन्, जेनजीका केही व्यक्तिले पनि औँला उठाएकै हुन, तर हामी मुलुकमा शान्ति कायम गर्ने उद्देश्यमा लाग्यौँ ।'

प्रधानमन्त्री कार्कीले रक्तपात नहोस्, कुनै अप्रिय घटना नहोस् र शान्त र अनुशासित रुपमा निर्वाचन होस् भन्ने लागेको उल्लेख गर्दै भनिन्,'सभ्य हिसाबमा होस् भन्ने थियो । चुनावमा हिंसा हुनुहुँदैन भन्ने पहिलो दिनबाटै भनेको हो । हाम्रो प्रयास नै त्यसैमा रह्यो । कसले के भन्छ भनेर हामीले त्यस्ता कुरा सुन्दै सुनेनौं । हामीले काम मात्र सोच्यौं । हामीले हाम्रा लागि गरेका पनि होइनौं । मुलुक र जनताका लागि गरेका हौं । सिंगो मुलुकको साथ पनि पाइयो ।'

निर्वाचन गराउने सन्दर्भमा अझै केही राम्रो गर्न सकेको भए हुन्थ्यो भन्ने लागेको प्रधानमन्त्री कार्कीले उल्लेख गरिन् । उनले भनिन्,'खर्चमा मितव्ययिता अपनायौं । अझै कम गर्न सकिन्थ्यो । तर भदौ २३ र २४ गतेको घटनाका कारण धेरै साधन नयाँ किन्नुपर्‍यो । तैपनि यो निर्वाचन निकै नै सभ्य अनि अनुशासित रुपमा सम्पन्न भएको छ ।'

मुलुकका समस्याको समाधानमा इमानदार प्रयासको आवश्यकता औँल्याउँदै प्रधानमन्त्री कार्कीले जेनजीले उठाएका माग सम्बोधन गर्नुपर्नेमा जोड दिइन् ।

'जस्तो कि देशमा सुशासन होस्, स्वदेशमै बस्न पाइयोस् । यहीँ काम पाइयोस् । भ्रष्टाचार, विभेद र पक्षपात नहोस् । विदेशमा लास बनेर फर्किनुपर्ने अवस्थाको अन्त्य होस् । देशभित्रै गुणस्तरीय शिक्षा पढ्न पाउन् युवाले । संविधानसम्मत मौलिक हकको अक्षरश: पालना होस् । हामीले के गर्न खोजेका थियौँ, के सम्भव भयो, के अधुरो रह्यो र के काम के कारणले सम्भव हुन सकेन भन्ने विषयमा श्वेतपत्र नै छाडेर जान्छौँ । ताकि आगामी सरकारलाई मार्गदर्शन होस्' उनले भनिन् ।

प्रधानमन्त्री कार्कीले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले प्रतिवेदन बुझाउनासाथ कार्यान्वयन हुने बताइन् । 'मैले भन्दै आएकी छु, मुलुकमा कुनै पनि प्रकारको दण्डहीनताले ठाउँ पाउनु हुँदैन । त्यसैले अहिलेको आयोगको मात्र होइन, अरु पनि त्यस्ता प्रतिवेदन छन् भने ती हेर्छौं र सार्वजनिक गरिदिन्छौं । ताकि जनताले थाहा पाउँछन्' उनले भनिन् ।

# निर्वाचनले संवैधानिक प्रणालीलाई पूर्णता दिने गृहमन्त्रीको दाबी

**काठमाडौं/मस-** गृहमन्त्री ओमप्रकाश अर्यालले सरकार गठनको शुरुवाती चरणमा आशंका र विरोध गर्नेहरू नै अहिले सरकारको काम देखेर विश्वास गर्न थालेको बताएका छन् ।

सार्वजनिक जिम्मेवारीमा रहँदा शंका र विश्वास दुवै हुनु स्वाभाविक रहेको बताउँदै उनले शंका गर्नेहरूसँगै निरन्तर संवादमा रहेर उनीहरूलाई विश्वासमा लिन सरकार सफल भएको दाबी छ ।'

प्रदेशस्तरीय सुरक्षा गोष्ठीहरूमा सबै दलका मुख्यमन्त्री र आन्तरिक मामिला मन्त्रीहरूले देखाएको सद्भाव र सहयोगले सरकारको मनोबल उच्च बनाएको बताए ।



देशले ठूलो हिंसा र राष्ट्र नै जोखिममा पर्ने अवस्था देखिसकेको सन्दर्भ उल्लेख गर्दै मन्त्री अर्यालले देशलाई त्यो दुष्चक्रबाट रोक्न र स्थितिलाई सामान्यीकरण गर्न सबैको विधिको शासन र कानूनी राज्यको पुनर्बहालीका लागि निर्वाचन अपरिहार्य हो भन्ने चाहना रहेको र सरकार त्यसमा सफल भएको बताए ।

उनले भने,'आशंका र विश्वास सँगसँगै गर्नुभएको थियो शुरुदेखि नै । जसले यो सरकारकै विरोध गर्नुभएको थियो, सरकार गठनको प्रक्रियाको सम्बन्धमा उहाँहरू पनि निर्वाचनको विरोधी हुनुहुन्नथ्यो । उहाँहरूले शुरुदेखि नै भनेको के थियो भने यो सरकारले सुरक्षाको प्रत्याभुति दिन्छ र ? यो सरकारले निष्पक्ष रूपमा चुनाव गराउँछ भनेदेखि हामी चुनावमा भाग लिन्छौं शुरुदेखि भनेको कुरा नै त्यही हो ।'

यस्तै उनले सुरक्षाको प्रत्याभुति र निष्पक्षताको प्रत्याभुति दिएको बताए । उनले भने, 'त्यो हाम्रो बोली, व्यवहार, आचरण सबैबाट देखिसकेपछि जसले शुरुमा अलि अलि अविश्वास गर्न खोज्नुभएको थियो अथवा त्यस्तो खालको कहीँ भाष्य आएको थियो भने पनि उहाँहरूले नै चुनाव जसरी पनि सफल बनाउनुपर्छ भन्नुभयो । अब खास गरेर अब यसमा त दलहरूको कुरा आउँदाखेरि हामी अब प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा जाँदाखेरि सबै दलकै त मुख्यमन्त्री हुनुहुन्थ्यो नि त्यहाँ । दलकै मुख्यमन्त्री हुनुहुन्थ्यो, दलकै त्यहाँको आन्तरिक मामिला मन्त्री हुनुहुन्थ्यो । उहाँहरू हाम्रो कार्यक्रममा आउनुभयो ।'

निर्वाचन सम्पन्न भइसकेपछि संविधानको पूर्ण पुनर्बहाली हुने, संवैधानिक अंगहरू सुचारु हुने र त्यसपछि सुशासन, सेवा प्रवाह र समृद्धिको बाटो खुल्ने विश्वास गृहमन्त्री अर्यालले व्यक्त गरे ।

# १०७ वर्षका वृद्धदेखि किरिया पुत्रीले गरे मतदान

**काठमाडौं/मस-** तनहुँको शुक्लागण्डकी नगरपालिका-३ बन्केवा निवासी एक सय सात वर्षीय गणेशबहादुर रावतले मतदान गरेका छन् ।

तनहुँ क्षेत्र नम्बर २ अन्तर्गत निर्मल आधारभूत प्राथमिक विद्यालय, बन्केवा मतदान केन्द्रबाट रावतले मतदान गरेको हो । मतदानपछि उनले आफ्नो मताधिकार प्रयोग गर्न पाउँदा खुशी लागेको प्रतिक्रिया दिए । यस्तै मेचीनगर नगरपालिका-१० स्थित धुलाबारी माध्यमिक विद्यालयको मतदान केन्द्रबाट १०४ वर्षीया बृद्धाले मतदान गरेकी छन् ।

झापा १ को सोही मतदान गर्नेमा स्थानीय तुलसा कोइरालाले मतदान गरेकी हुन् । उनी छोरा र नातिको सहयोगमा मतदान गर्न गएकी थिइन् ।

**किरियापुत्रीद्वारा मतदान**

तनहुँ व्यास नगरपालिका-११ मा दुई जना किरियापुत्रीले मतदान गरेका छन् । सोही ठाउँका तिलकबहादुर खड्का र समुन्द्र खड्काले



किरिया बसेको अवस्थामा मतदानमा सहभागिता जनाएका हुन् ।

उनहरूले तनहुँ आधारभूत विद्यालय बेलटारी मतदान केन्द्रमा पुगेर आफ्नो मताधिकार प्रयोग गरेका मतदान अधिकृत सुदीप कँडेलले जानकारी दिए । नागरिक आफ्नो कर्तव्यप्रति सचेत रहँदै व्यक्तिगत शोकमा पनि मतदानमा सहभागी भएका हुन् ।

यसैबीच बाँके नेपालगञ्ज उपमहानगरपालिका-७ स्थित महेन्द्र माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्रमा किरियापुत्रीले मतदान गरेका छन् । नेपालगञ्ज-७ निवासी दिवङ्गत ८४ वर्षीय कमल राणाका छोरा सुनिलनरसिंह राणासहित मातृ शोकमा रहेका परिवारका सदस्यहरूले उक्त मतदान केन्द्रमा मतदान गरेका हुन् ।

यसैगरी नेपालगञ्ज-६ निवासी दिवङ्गत ९६ वर्षीया रामप्यारी कुर्मीका छोरा माधवराम बर्मासहित मातृ शोकमा रहेका उनका परिवारका सदस्यहरूले नेपालगञ्ज-७ स्थित हडियाबाबा मठ केन्द्रमा मतदान गरेका उक्त केन्द्र (ख)का सहायक मतदान अधिकृत अल्का मिश्रले जानकारी दिए । यस्तै बागलुङको काठेखोला गाउँपालिका-३ धम्जामा क्रियापुत्रीले मतदान गरेका छन् ।

निर्वाचनमा आमाको निधन भएको छैठौं दिनमा धम्जा मतदान केन्द्रबाट दीपेन्द्र रानाले मतदान गरेका हुन् । आमाको काजक्रियामा रहे पनि मतदान गर्ने अवसरको सदुपयोग गरेको उनले बताए । राना नेपाली कांग्रेस काठेखोला-३ का वडा सभापतिसमेत हुन् । उनले भने, 'चुनाव भनेको सही नेतृत्व चयन गर्ने महत्वपूर्ण दिन भएकोले मैले यो अवसरलाई गुमाउन चाहिँन ।'

# छिटपुट विवाद बाहेक देशभर शान्तिपूर्ण मतदान : प्रहरी

**काठमाडौं/मस-** नेपाल प्रहरीका महानिरीक्षक (आईजीपी) दानबहादुर कार्कीले मुलुकभर शान्तिपूर्ण र उत्साहजनक ढंगले मतदान कार्य सम्पन्न भएको बताएका छन् ।

बिहीबार सञ्चारकर्मीसँग कुरा गर्दै आईजीपी कार्कीले सुरक्षा निकायहरुबीचको आपसी समन्वय र एकीकृत सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन शान्तीपूर्ण ढंगले निर्वाचन सम्पन्न भएको बताए ।

उनका अनुसार छिटपुट विवादहरु बहेक मुलुकभर शान्तीपूर्ण ढंगले निर्वाचन सम्पन्न भएको छ । दोलखाको केही निर्वाचन क्षेत्रमा देखिएको विवाद साम्य पार्न दलहरु र निर्वाचन अधिकृतहरुबीच छलफल भइरहेको बताए ।

उनले भने,'यो मतदान हुने दिनसम्म आइपुग्नको लागि हामीले नेपालभरका सबै ठाउँमा सुरक्षाको पूर्वतयारी स्परुप सबै सुरक्षा निकायहरुका बीचमा एकीकृत सुरक्षा योजना बनाएर एकीकृत भएका थियौँ । यो आजको दिन आइपुग्नको लागि आजभन्दा अगाडि अपनाइएका रणनीतिहरुले काम गरेका छन् । आज देशभरका सबै मतदान केन्द्रहरुमा शान्तीपूर्ण ढंगले निर्वाचन सम्पन्न



भएको छ । दोलखामा भने केही विवाद भएको कारण त्यसको टुंगो लागिसकेको छैन । सबै राजनीतिक दलका बीचमा छलफल पनि चलिराखेको छ । त्योभन्दा बाहेकका सबै मतदानस्थलहरुमा सामान्य दलीय प्रकृतिका केही विवादहरु भएतापनि त्यहाँस्थित दलका प्रतिनिधि र निर्वाचन अधिकृतले नै समस्या हल हुने गरेर अगाडि जानुभएको छ । समग्रमा देशभरको निर्वाचन शान्तीपूर्ण र उत्साहजनक ढंगले सम्पन्न भएको छ ।'

आईजीपी कार्कीले जेन-जी आन्दोलनपछि प्रहरीको मनोबल केही खस्किएको भएपनि सिमित स्रोत-साधनका बाबजुद पनि मुलुकको सुरक्षामा नेपाली सुरक्षा निकायले समर्पित भावनाका साथ काम गरेको उल्लेख गरे ।

उनले नेपालको सुरक्षा संयन्त्रले भवन, स्रोत-साधन र कानूनी व्यवस्थाभन्दा पनि कर्तव्यबोध र समर्पणलाई केन्द्रमा राखेर काम गर्दै आएको सुनाए ।

सुरक्षाकर्मीहरूले मुलुकलाई सर्वोपरि मान्दै व्यक्तिगत सुविधा र इन्द्रियसुख त्यागेर कर्तव्य निर्वाह गरेकै कारण घोषित मितिमै शान्तीपूर्ण ढंगले निर्वाचन सम्भव भएको समेत बताए । उनले कठिन परिस्थितिमा भत्किएका संरचना र जलेका सवारीसाधनबीच समेत सुरक्षाकर्मीहरूले पर्याप्त स्रोत-साधन र उपकरण बिना नै सडकमा खटिएर जिम्मेवारी पूरा गरेको बताए ।

उनले भने, 'नेपालको सुरक्षा निकायहरु भ्वनले भन्दा भावनाले, कानूनले भन्दा कामनाले र साधन स्रोतले भन्दा पनि साधनाले काम गर्दै आएका छन् । हामीले मुलुकलाई शीरमा राखेर आफ्ना इन्द्रीय सुखहरुलाई पनि परित्याग गर्दै कर्मचारीको मनोबल बढाउने कुरामा काम गर्ने हो । ती भत्केका संरचनाहरु, जलेका सवारी साधनहरुका बीचबाट पनि हाम्रा सुरक्षाकर्मीसँग युनिफर्म र स्रोत साधन नहुँदा पनि खाली खुट्टा सडकमा उठेर काम गरेकै हुन् । त्यो नेपाली जनताप्रति उनीहरुको समर्पणभाव हो । सधैंभरी त्यस्तै अवस्थाले काम गर्दैन । यसबीचमा कर्पोरेट क्षेत्रको सहयोग लिने, सरकारकी सहयोग प्राप्त गर्नेदेखि सुरक्षाकर्मीको मनोवल बढाउन नागरिकस्तरबाट पनि सहयोग भएको हो । त्यसले थप काम गर्नको लागि उत्प्रेरित पनि गरेको छ । त्यो अवस्थाबाट यो अवस्थामा आउनको लागि सुरक्षा निकायका बीचमा समर्पणभाव र न्युन स्रोत र साधनका बीच पनि मुलुकको अवस्था हेरीकन पनि परिणाममुखी काम गर्नुपर्छ भन्ने सोच नेतृत्वले राखेको छ ।'

उनले मतपेटिका संकलनदेखि मतगणना कार्य सम्पन्न नहुँदासम्म सबै सुरक्षा निकायका लागि जिम्मेवारी तोकिएको भन्दै योजनाअनुसार अघि बढ्ने बताए ।

# आठ जिल्लामा हेलिकप्टरमार्फत मतपेटिका ढुवानी

**काठमाडौं/मस-** निर्वाचन आयोगले विभिन्न आठ जिल्लामा हेलिकप्टरमार्फत मतपेटिका ढुवानी गरिएको जनाएको छ ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले भने, 'रसुवा, दोलखा, रूकुमपूर्व, बाजुरा, बझाङ र हुम्ला र रसुवामा हेलिकप्टरमार्फत मतपेटिका ढुवानी भएको छ, अन्यत्र केही जिल्लामा पनि मतपेटिका ढुवानी जारी छ । शुक्रबार दिउँसो १२ बजेसम्म सबै जिल्लाको मतपेटिका संकलन पूरा हुनेछ ।'

**मतपेटिका धुञ्चे ल्याइयो**

रसुवामा ६१ दशमलव ३८ प्रतिशत मतदान भएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार जिल्लाका ५७ मतदान केन्द्रबाट कुल २५ हजार ४ सय ५८ मतदाताले मतदान गरेका छन् । जिल्लामा कुल ४१ हजार ४७१ मतदाता रहेका थिए । प्रमुख जिल्ला अधिकारी राजेश पन्थीका अनुसार जिल्लाभर निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न



भएको छ । मतदान कार्य सम्पन्न भएपछि मतपेटिकालाई सुरक्षित रूपमा सदरमुकाम ल्याउने काम सुरु गरिएको हो ।

मतपेटिकाको सुरक्षाका लागि जिल्लामा तैनाथ नेपाली सेना श्रीश्रीनाथ गण, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त सुरक्षा टोली परिचालन गरिएको छ । सुरक्षाकर्मी र उम्मेदवारका प्रतिनिधिको उपस्थितिमा मतपेटिका ढुवानी कार्य अघि बढाइएको जनाइएको छ । भौगोलिक रूपमा विकट रहेको लाङ्टाङ क्षेत्रबाट मतपेटिका नेपाली सेनाको हेलिकप्टरमार्फत ढुवानी गरिएको छ ।

**रुकुमपूर्वका तीन मतदान केन्द्रको मतपेटिका हेलिकप्टरमार्फत ल्याइयो**

रुकुमपूर्वका तीन वटा मतदान केन्द्रको मतपेटिका नेपाली सेनाको हेलिकप्टरमार्फत निर्वाचन अधिकृतको कार्यालयमा ल्याइएको छ । सडक सञ्जालको पहुँचमा नरहेका र हिँडेर एक दिन लाग्ने यी तीन ठाउँका मतपेटिका हेलिकप्टरमार्फत सदरमुकाम रुकुमकोट ल्याइएको हो ।

सिस्ने गाउँपालिका-१ पाखापानी मतदान केन्द्र, पुथा उत्तरगंगा गाउँपालिका-२ पेल्माको हिमाल आवि पेल्मा मतदान केन्द्र र सोही वडाको हार्दिबाङ मतदान केन्द्रको मतपेटिका हेलिकप्टरमार्फत जिल्ला सदरमुकाम ल्याइएको हो ।

अन्य मतदान केन्द्रका मतपेटिकाहरु ल्याउने क्रम जारी छ । मध्यरातिसम्म सबै ठाउँको मतपेटिका सङ्कलन भइसक्ने सहायक निर्वाचन अधिकृत एवं सूचना अधिकारी ईश्वरीप्रसाद सुवेदिले जानकारी दिए ।

उनका अनुसार शुक्रबार बिहान सर्वदलीय बैठक बसेर मत गणना सुरु गरिनेछ । ५६ मतदान केन्द्र रहेको रुकुमपूर्वमा ३४ हजार ७७२ मतदाता थिए ।

सबै ठाउँमा टेलिफोन सम्पर्क नभएकाले जिल्लामा खसेको कुल खसेको मतको परिणाम भने आइनसकेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । रुकुमपूर्वमा नेपाली कम्युनिष्ट पार्टीका संयोजक एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सहित ११ उम्मेदवार प्रतिस्पर्धामा छन् ।

# मनाङमा पाँच मतदान केन्द्रको मतपेटिका शुक्रबार ल्याइने

**मनाङ/मस-** प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदान सकिएको छ । हिमाली जिल्ला मनाङको नार्पाभूमि गाउँपालिकाका पाँच मतदान केन्द्रको मतपेटिका शुक्रबार ल्याइने भएको छ ।

मुख्य निर्वाचन अधिकृत रामप्रसाद पौडेलले मनाङमा ५४.८० प्रतिशत मत खसेको जानकारी दिए ।

उनका अनुसार यहाँ कुल सात हजार मतदातामध्ये तीन हजार १ सय ६४ मत खसेको छ । महिला एक हजार ४ सय ६ र पुरुष एक हजार ७ सय ५८ मतदाताले मतदान गरेका उनले बताए । 'सहज भएको स्थानबाट मतपेटिका ल्याउने क्रम जारी रहेको छ' उनले भने ।

प्रत्यक्षतर्फ एक हजार ३ सय ७५ महिला र एक हजार ५ सय १७ पुरुषले मतदान गरेका छन् भने समानुपातिकतर्फ ३१ र पुरुष २ सय १० गरी जम्मा २ सय ४१ मतदाताले मतदान गरेका जिल्ला निर्वाचन अधिकारी जीवन कुँवरले जानकारी दिए ।



'अहिले सम्भव नभएपछि मनाङको विकट क्षेत्र नार्पाभूमिको मतपेटिका शुक्रबार सेनाको हेलिकप्टरमार्फत ल्याइनेछ' उनले भने । हालसम्म पनि सडक सञ्जालले नछोएको नार्पाभूमिको मतदान सकिए पनि भौगोलिक विकटताका कारण मतपेटिका ल्याउन सकस भएको उनले बताए ।

जिल्लामा शान्त तथा सौहार्द्रपूर्ण वातावरणमा मतदान सम्पन्न भएको प्रमुख जिल्ला अधिकारी नवराज पौड्यालले जानकारी दिए । 'जिल्लामा सौहार्द्रपूर्ण वातावरणमा मतदान सम्पन्न भएको छ । मतदाताको सहभागिता पनि उत्साहजनक रह्यो,' उनले भने ।

मनाङमा कुल मतदाता सात हजार रहेका थिए । अस्थायीसहित २९ मतदान केन्द्रमार्फत मतदाताले मतदान गरेका थिए ।

## सम्पादकीय

# धन्यवाद सुशीला सरकार

चुनाव हुने वा नहुने अन्योलबीच बिहीबार एकै चरणमा प्रतिनिधिसभा निर्वाचन सम्पन्न भएको छ । यसले भदौ २३ र २४ को जेनजी आन्दोलनपछि उत्पन्न संवैधानिक र राजनीतिक संकटको शान्तिपूर्ण अवतरण पनि गरेको छ । अन्तरिम सरकारले जननिर्वाचित सरकारलाई सत्ता हस्तान्तरणसँगै संविधान लिकमा फर्किने अवस्था आएको छ । त्यसको मुख्य श्रेय अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीलाई जान्छ । ६ महिनाअघि राष्ट्रपति रामचन्द्र पौडेलले 'बडो जुक्ति'ले संविधान च्यातिनबाट जोगाएका थिए । आवश्यकताको सिद्धान्तबाट बनेको अन्तरिम सरकारलाई चुनावी वातावरण बनाउनु ठुलो चुनौती थियो । चुनाव गराउने कार्यादेशसहित सुरू भएको सुशीलाको राजनीति परीक्षा सजिलो थिएन । नेपाली राजनीतिको त्यो आकस्मिकतालाई सुरूमा दलहरूले सहज रूपमा स्वीकारेका थिएनन् । त्यसमाथि भदौ २४ को विध्वंशले थिलथिलो बनाइएका राज्यका अंगहरू कसैलाई आड दिने अवस्थामै थिएनन् । थरीथरीका जेनजी समूह, तिनका माग र आक्रोशको रापतापमा प्रमुख दलसँगको दूरी घटाउन उनलाई महिनौं लाग्यो । तर उनले हार मानिनन् । अन्ततः कार्की सरकारले निर्वाचनको कार्यभार पूरा गरिछाड्यो ।

अनेक अन्योल र निराशाजनक टिप्पणी आइरहेका थिए । संसद् पुनर्स्थापना मागिरहेको नेकपा एमाले र निर्वाचनप्रति सशंकित नेपाली कांग्रेसलाई निर्वाचनतर्फ मुखरित गर्न कार्कीले धेरै मेहनत गर्नुपऱ्यो । तोकिएकै मितिमा आमचुनाव हुनेमा धेरैलाई पछिसम्मै आशंका थियो । अन्तरिम सरकारका चार मन्त्रीहरू राजिनामा दिएर चुनावी मैदानमा उत्रिएपछि सरकारको निष्पक्षतामाथि नै प्रश्नसमेत उठ्यो । तर सरकारको दृढ इच्छाशक्ति र ढिलै भए पनि दलहरूको साथले चुनाव सम्भव भएको हो । दलीय स्वार्थसँग लेना न देनाको सम्बन्ध भएको सरकार भएकै कारण निर्वाचन आयोगले पनि सुविस्तापुर्वक प्रक्रिया अघि बढाउन सकेको देखिन्छ ।

शान्तिपूर्ण निर्वाचन सम्पन्न हुँदा सरकारको प्रतिष्ठा थप बढेको छ । केही समूहको बहिस्कार, विथोल्ने धम्की र निर्वाचनमा सहभागीहरूको तिखो प्रतिस्पर्धाका कारण ३ हजार ६ सय ८० मतदान केन्द्र अतिसंवेदनशीलमा वर्गीकरण गरिएको थियो । एकाध ठाउँमा छिटफुट घटनाबाहेक अतिसंवेदनशील मतदान केन्द्रमा शान्तिपूर्ण निर्वाचन भएको छ । जनताले आफ्नो अभिमत मतपेटिकामा खसाइसकेका छन् । अब त्यो मतको गणना गर्ने र परिणाम अनुरूप अगामी राजनीतिक प्रक्रिया अघि बढाउने काम मात्र बाँकी छ । निर्वाचन लोकतन्त्रको मुख्य विधि र प्रक्रिया हो । यस क्रममा हारजित जेसुकैको होस्, हाम्रो लोकतन्त्र पुनः एकपटक अनुमोदित भएको छ । त्यसअर्थमा प्रधानमन्त्री कार्की धन्यवादकी पात्र बनेकी छिन् ।

# सुशीला आमाको त्यो साहस !

## विषम परिस्थितिमा एउटा आमाले सन्तानलाई दिएको काखजस्तै भयो ७३ वर्षीय कार्की आमाको नेतृत्व यो देशका लागि ।

अग्रलेख



● सुजन प्रेमी सुवेदी

शान्तिको विगुल फुक्ने देश नेपाल, २०८२ सालको भदौ २३ र २४ गते एउटा रणभूमिजस्तै बन्न पुग्यो । नयाँ पुस्ता अर्थात् जेनजी आन्दोलन भन्दै गरिएको उक्त आन्दोलन गर्नुको उद्देश्य सामाजिक सञ्जाल बन्द गरेको र भ्रष्टाचार अन्त्य गर्ने भन्ने थियो । भदौ २३ गते शान्तिपूर्ण भन्दै सुरु गरिएको आन्दोलन पछि देशका प्रमुख संरचना तथा अड्डा जलाउनेसम्मका गतिविधि भए । यसअघि विभिन्न स्वार्थमा कृडास्थल बन्न बाध्य देशलाई यसपटक पनि प्रयोग गरिएको थियो । घटनाको बारेमा स्वयं पंक्तिकार भित्र जान चाहन्न, त्यसैले २४ गतेको विध्वंशपछि अभिभावकविहीन बन्दाको देशको अवस्था भने स्मरण गर्नैपर्छ ।

भदौ २३ गते जे भयो, यसले २४ गते निम्त्यायो भन्ने बहस पनि व्यापक भइरहेको छ । २४ पछि २३ भन्नेहरू पनि छन् । २४ पश्चात्को परिस्थिति झन् कहालिलाग्दो भएको थियो । देशमा कुनै सरकार थिएन, कामचलाउ सरकार यही हो भन्ने पनि थिएन, देशका नेता, सांसद वा मन्त्री तथा देशको संसद् यो हो भन्ने पनि थिएन । देशमा विध्वंश भइसकेपछि यसको जस-अपजस लिन कोही तयार भएनन् अर्थात् आन्दोलन कसको नेतृत्वमा भयो भन्ने नै अन्योल भयो । आन्दोलनको मात्रै होइन, त्यो समयमा देशकै अभिभावक वा नेतृत्वकर्ता को हो भन्ने अन्योलता थियो ।

आन्दोलनको अवस्था मत्थर हुँदै जाँदा देशका विभिन्न निकायले अभिभावक खोज्न थाले । यही क्रममा त्यस्तो एक व्यक्तिको नाम चर्चामा भयो, जुन अकल्पनीय र अविश्वासनीय थियो । यसअघि सर्वोच्च अदालतको सफल कमाण्ड सम्हाल्नुभएकी देशकै प्रथम महिला प्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रथम महिला प्रधानमन्त्रीको रूपमा यो देशले पाउने अवस्था बन्यो । २०८२ सालको भदौ २६ गते ७३ वर्षीय कार्की देशको ३९औँ र प्रथम महिला प्रधानमन्त्रीको रूपमा रहने सहमति जुट्यो । सांसद विघटन भयो, कार्की प्रधानमन्त्री हुनुभयो र २०८२ सालको फागुन २१ गते चुनावको मिति समेत घोषणा भयो । यो समयमा सांसद विघटन भइसकेपछि सरकारले ६ महिनाभित्र चुनाव गराउनुपर्ने अर्को कानुनी दबाब थियो । पूर्व प्रधानन्यायाधीशको नाताले कार्कीलाई कानुनी पाटोबारे जानकार हुने नै भयो । कार्कीले २७ गते पदबहाली गर्दै यो देशमा अभिभावकत्व प्रदान गर्नुभयो ।

विषम परिस्थितिमा एउटा आमाले सन्तानलाई दिएको काखजस्तै भयो ७३ वर्षीय कार्की आमाको नेतृत्व यो देशका लागि । कार्की नेतृत्वको सरकारले पटक-पटक गरेर गैरराजनीतिक दलका मन्त्रीहरू पनि नियुक्ति गऱ्यो, जसमा यसअघि सफल भएका पूर्व कर्मचारीदेखि सञ्चारकर्मीसम्म अटाएका थिए । कुनै राजनीतिक दाग र आलोचना विनाको सरकार बनाउन सुशीला आमा सफल हुनुभयो ।

कार्की नेतृत्वमा रहेर देशमा कायापलट नै गर्नसक्ने कुरा भएन किनकि यो सरकार म्यादि थियो र चुनाव गराउनका लागि नै थियो । भएका बजेटको उचित खर्च, भएका योजनाको उचित कार्यान्वयन गर्दै यो सरकार फागुन २१ मा निर्वाचन सम्पन्न गराउन केन्द्रित भयो । आन्दोलनका क्रममा गुपचुप भएका राजनीतिक दल, नेता तथा अधिकांश विश्लेषक भन्नेहरूले पनि फागुन २१ मा चुनाव सम्भव छैन भन्न थाले । कतिपयले सांसद पुनर्स्थापना हुने र पुरानै दल कायम हुनेसम्म आकलन गरे भने कतिपयले कार्की नेतृत्वको सरकार पूर्ण असफल हुने भन्दै खिसिट्युरी गर्न भ्याए । सुशीला कार्कीलाई 'आमाको नेतृत्वको



सरकार हो, यो सफल हुन्छ' भन्दै हौसला दिनेहरू पनि कम थिएनन् । प्रायःले सम्बोधनमा 'आमा' भन्दै उहाँलाई थप जिम्मेवारी बोध गराएका थिए । कार्की सरकारले विभिन्न काम गऱ्यो, जसमा चुनावको तयारीदेखि देशमा विध्वंश गर्नेहरू समातिनेसम्मका कार्यहरू प्राथमिकतामा परे ।

आमाको नेतृत्वको सरकारले कार्यकालको छोटो अवधिमा नै लोककल्याणकारी काम गरेर उदाहरणीय बन्न पुग्यो । हिजो विरोध गर्नेहरू पनि सरकारको फ्यान हुन थाले, तर नैतिकताले उनीहरू मुख खोल्न सक्दैनथे । सरकारले केही बाहेक अनगिन्ती उदाहरणीय काम गर्न सक्यो, जसले चुनाव हुने आशा जगाउँदै गयो । एक-दुई गर्दै चुनावका तयारीहरू पनि हुँदै गए, जसमा सदियौँदेखि मतदाता नामावलीमा नाम दर्ता गर्न सम्बन्धित जिल्लामा जानुपर्ने झन्झटको अन्त्य भई राष्ट्रिय परिचयपत्रसँग सिस्टम इन्टिग्रेट गरेर घरै बसेर मतदाता नामावलीमा नाम दर्ता गर्न सकिने सिस्टम लागू भए । यी र यस्ता कैयौँ कामहरू सरकारले चाहेमा गर्न सक्छ भन्ने प्रमाणित कार्की सरकारले गऱ्यो ।

आमाको नेतृत्वमा बनेको सरकारले निर्वाचनको भव्य तयारी गरिरह्यो । निर्वाचन विथोलिने चुनौतीका बाबजुद पनि सरकार काममा तल्लीन भयो किनकि निर्वाचन गराउनु नै छ । प्रतिष्ठा बोकेका मन्त्रीहरूको साथमा कार्की सरकार थियो । गैरदलीय बनेको कार्की सरकार अघोषित रूपमा विभिन्न नयाँ दलको बन्दै थियो, कारण यस सरकारका मन्त्रीहरू विभिन्न राजनीतिक दलसँग जोडिएर आफ्नो रोटी सेक्नेतिर सोझिन थाले । सरकारमा रहँदै गर्दा चुनावको दिन नजिकिँदै जाँदा मन्त्रीहरूमा अब प्रत्यक्ष चुनाव जितेर फेरि मन्त्री हुने लालच पलायो । जसले गर्दा निर्वाचनको मनोनयनको दिनसम्म सरकारका केही मन्त्रीहरूले राजीनामा दिएर कार्की आमालाई एक्लै बनाए । यो कदम एक हिसाबले हेर्दा देश र कार्की आमाको सरकारलाई दिएको घात हो । झन् धेरै साथ र सहयोग चाहिने बेला अधिकांश मन्त्रालय मन्त्रीविहीन हुन पुग्यो, जुन सुशीला आमाको निर्वाचन गराउने लक्ष्यमाथि थप चुनौती थपिनु थियो । बलियो साथ पाइएला भन्ने दृढता बोकेकी कार्की साथ पाउनुपर्ने समयमा नै लगभग एक्लै हुनुपर्ने परिस्थिति आउलाजस्तो भयो ।

धेरै मन्त्रालयको जिम्मेवारी, विश्वास गरेका मन्त्रीहरूको राजीनामा आउनु, निर्वाचन हुन नदिने तत्वहरू सक्रिय हुनु र निर्वाचन गराउनै पर्ने कानुनी दबाब हुनु कार्की आमाका लागि सानो चुनौती थिएन । समाजमा अझै पनि महिलाहरू सफल हुन सक्दैनन् भन्ने भ्रम पालेको यो समाजले सुशीला कार्कीबाट निर्वाचन हुन्छ भन्नेमा समेत बारम्बार शंका गरिरह्यो । यद्यपि, समाजको दृष्टिकोण, देशको अवस्था, परिस्थिति र दबाबका बाबजुद फागुन २१ गते सफलतापूर्वक निर्वाचन सम्पन्न भएको छ । देशमा निर्वाचन मात्रै भएन, इतिहास बोकेको प्रथम महिला


> *सुशीला आमाको त्यो साहसले देशले एउटा निकास पाएको छ । देश सुरक्षित अवतरण भएको छ । यति मात्र होइन, स्वार्थको कृडास्थल हुनबाट पनि जोगिएको छ । यो गुन इतिहासले सधैँ सम्झिरहनेछ ।*

प्रधानमन्त्रीको कार्यकाल पनि सफल भएको छ, अझै ऐतिहासिक र प्रशंसायोग्य भएको छ । छिटपुट घटना बाहेक विगतको भन्दा अझै प्रभावकारी र दमदार तवरले निर्वाचन सम्पन्न भएको छ । यो हामी नेपालीहरूको सफलता र जित हो ।

एउटा आमाले सन्तान मात्रै होइन, देशलाई नै अभिभावकत्व प्रदान गर्न सक्छिन् भन्ने ज्वलन्त उदाहरण पनि हो यो । सुशीला आमाको त्यो साहसले देशले एउटा निकास पाएको छ । देश सुरक्षित अवतरण भएको छ । यति मात्र होइन, स्वार्थको कृडास्थल हुनबाट पनि जोगिएको छ । यो गुन इतिहासले सधैँ सम्झिरहनेछ । पंक्तिकार अब सुशीला आमाको फ्यान र प्रशंसक मात्रै होइन, खुल्ला समर्थक समेत भएको छु । पुजनीय आमा, तपाईं धन्य मात्रै होइन साक्षात् देवी भएर यो देशलाई अवतरण गराउनुभयो । एक अबोध सन्तानले झैँ उहाँको काखमा लुटपुटिएर भन्न मन छ, "आमा आइ लभ यू सो मच" !

## इतिहासमा आज

६ मार्च १९८७ मा फ्री इन्टरप्राइजको ब्रिटिश फेरी एमएस हेराल्ड (पानीजहाज) सञ्चालन भएको लगभग ९० सेकेन्डमा पल्टिएको थियो, जसमा १९३ जनाको मृत्यु भएको थियो ।



६ मार्च १९९२ मा माइकलएन्जेलो नामको कम्प्युटर भाइरस भेटिएको थियो । जसले विश्वभर कम्प्युटर प्रयोगकर्तालाई हैरान पारेको थियो ।




६ मार्च २००८ मा जेरुसेलममा एक बन्दुकधारीले आठ विद्यार्थीहरूको हत्या गरेको दिनलाई देखाउँदै बगदादमा एक आत्मघाती बम आक्रमणकारीले ६८ जना (पहिलो प्रतिक्रियाकर्ताहरू सहित) मारेका थिए ।



६ मार्च २०२० मा अफगानिस्तानको काबुलमा एक समारोहमा बन्दुकधारीहरूले गोली चलाउँदा ३२ जनाको मृत्यु भएको थियो भने ८२ जना घाइते भएका थिए । जुन घटनाको जिम्मेवारी इस्लामिक स्टेटले लिएको थियो ।



# मध्यपूर्वको तनाव र नेपालको भविष्य

विचार



● शंकरमान सिंह

> *नेपाल अब विश्व घटनाक्रमबाट अछुतो रहन सक्दैन । विश्व बजार र अन्तर्राष्ट्रिय राजनीतिमा देखिएका उतारचढावबिच देशलाई स्थायित्व र समृद्धिको मार्गमा अघि बढाउन राजनीतिक नेतृत्व र नागरिक दुवैले परिपक्वता, विवेक र दूरदर्शिता देखाउनु आवश्यक छ ।*

अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेसँगै विश्व राजनीति तरंगित बनेको छ । अहिले अमेरिका, इजरायल र इरानमात्रै होइन, युद्धमा अन्य देशहरु पनि यसमा जोडिएका छन् । करिब मध्यपूर्व यो संकटले घेरिएको छ । जससँगै सबैभन्दा चिन्ता नेपालीलाई परेको छ । खाडी क्षेत्रमा रहेका करिब १७ लाखभन्दा बढी नेपाली श्रमिकको सुरक्षा र नेपालको कुल गार्हस्थ्य उत्पादनको करिब २३ प्रतिशत हिस्सा ओगट्ने विप्रेषणमा सम्भावित गिरावटले नेपालको अर्थतन्त्रमा गम्भीर प्रभाव पार्न सक्छ ।

यता नेपालको आन्तरिक अर्थतन्त्र पनि हाल संरचनात्मक समस्याबाट गुज्रिरहेको छ । लगानीको वातावरण कमजोर हुनु, पुँजीगत खर्च प्रभावकारी रूपमा हुन नसक्नु र नीतिगत अनिश्चितताका कारण आर्थिक वृद्धि लक्ष्यभन्दा निकै कम रहेको छ । बढ्दो बजेट घाटा र व्यापार घाटाले सार्वजनिक ऋणको भार थपिएको छ । कोभिड-१९ पछि विश्वव्यापी रूपमा ब्याजदर बढ्नु र विदेशी मुद्राको प्रवाहमा आएको कमीले नेपाली मुद्रा डलरको तुलनामा कमजोर भएको छ, जसले वैदेशिक ऋणको लागत बढाएको छ । स्वदेशी उत्पादनमा आएको कमी र लगानीमा आएको गिरावटले नेपालको अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता कमजोर बनाएको छ । यसका कारण उद्योग, व्यापार र रोजगारी सिर्जनामा पनि असर परेको छ ।

आर्थिक शिथिलताले श्रम बजार र सामाजिक संरचनामा पनि गहिरो प्रभाव पारेको छ । शिक्षा प्रणाली र श्रम बजारको मागबिच तालमेल नहुँदा एकातिर दक्ष जनशक्तिको अभाव देखिन्छ भने अर्कोतिर बेरोजगारी दर उच्च छ । यसका कारण युवाहरूको विदेश पलायन तीव्र भएको छ, जसले साना तथा मझौला व्यवसायहरूलाई प्रत्यक्ष असर पारेको छ । विश्व राजनीति पनि पछिल्ला वर्षहरूमा ठूलो परिवर्तनको चरणमा छ । सन् १९८० पछिको खुला बजार नीतिबाट विश्व क्रमशः संरक्षणवादतर्फ मोडिएको देखिन्छ । प्राकृतिक स्रोत र रणनीतिक मार्गमाथि नियन्त्रणका लागि शक्तिशाली राष्ट्रहरूबिचको प्रतिस्पर्धाले विश्व आपूर्ति श्रृंखलामा अवरोध सिर्जना गरिरहेको छ ।

मध्यपूर्वमा बढ्दो सैन्य तनावले खाडी क्षेत्रका संयुक्त अरब इमिरेट्स, कतार, कुवेत, बहराइन र जोर्डनजस्ता देशहरूमा हवाई मार्ग र ढुवानी व्यवस्थामा समस्या सिर्जना गर्ने सम्भावना बढाएको छ । विश्वको तेल आपूर्ति हुने हरमुज जलडमरु बन्द हुने जोखिमले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढाउन सक्छ । यसको प्रत्यक्ष असर विश्वव्यापी यातायात लागत र उपभोग्य वस्तुको मूल्यमा पर्नेछ ।

युद्धको त्रासका कारण दुबईजस्ता आर्थिक केन्द्रहरूबाट बहुराष्ट्रिय कम्पनीहरूले लगानी फिर्ता लैजाने सम्भावना पनि बढिरहेको छ । यस्तो अवस्था एसियाली सेयर बजार र क्षेत्रीय अर्थतन्त्रहरूका लागि चुनौतीपूर्ण हुन सक्छ ।

मध्यपूर्वी देशहरूमा रोजगारीका लागि निर्भर रहेको नेपालको श्रम बजार, विदेशी मुद्राको प्रमुख स्रोत र इन्धन आपूर्तिमा यस्तो तनावले गम्भीर प्रभाव पार्न सक्छ । कतार, युएई, साउदी अरब र कुवेतजस्ता देशहरूमा लाखौँ नेपाली युवा कार्यरत छन् । यदि त्यहाँको अवस्था बिग्रियो र नेपालीहरू ठूलो संख्यामा स्वदेश फर्किनुपर्ने अवस्था आयो भने नेपाल भित्रिने विप्रेषणको प्रवाह घट्नेछ, जसले देशलाई आर्थिक मन्दीतर्फ धकेल्न सक्छ ।

मध्यपूर्व तेल आपूर्तिको केन्द्र भएकाले त्यहाँको युद्धले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढ्ने सम्भावना हुन्छ । तेलको मूल्य बढेपछि नेपालमा ढुवानी खर्च बढ्नेछ र उपभोग्य वस्तुको मूल्यमा तीव्र वृद्धि हुन सक्छ ।

अर्कोतर्फ, नेपाल आउने पर्यटक र विदेश जाने नेपालीहरूका लागि मध्यपूर्वका देशहरू मुख्य ट्रान्जिट मार्गका रूपमा प्रयोग हुन्छन् । कतार एयरवेज, टर्किस एयरलाइन्स र इमिरेट्सजस्ता विमान कम्पनीहरूले नेपाललाई विश्वसँग जोडिरहेका छन् । यदि क्षेत्रीय तनावका कारण हवाई मार्ग प्रभावित भए भने पर्यटन र आवागमन दुवैमा असर पर्नेछ ।

यस परिस्थितिमा नेपालले बाह्य चुनौतीलाई सामना गर्दै आर्थिक उत्थानशीलता कायम गर्न रणनीतिक तयारी गर्न आवश्यक छ । आगामी नेतृत्वका लागि सुशासन, वैकल्पिक रोजगारी सिर्जना र अनुसन्धानमा आधारित नीति निर्माण प्रमुख प्राथमिकता बन्नुपर्छ । वैदेशिक रोजगारीमा निर्भरता कम गर्दै स्वदेशमै स्वरोजगारी र उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रम प्रभावकारी रूपमा लागू गर्नुपर्ने आवश्यकता छ । त्यसैगरी प्रशासनिक संयन्त्रलाई पारदर्शी र उत्तरदायी बनाउँदै भ्रष्टाचारविरुद्ध कठोर कदम चाल्नुपर्नेछ । आर्थिक नीति र कार्यक्रमहरू तदर्थ निर्णयका आधारमा होइन, तथ्यांक र अनुसन्धानमा आधारित भएर निर्माण गर्नुपर्नेछ ।

नेपाल अब विश्व घटनाक्रमबाट अछुतो रहन सक्दैन । विश्व बजार र अन्तर्राष्ट्रिय राजनीतिमा देखिएका उतारचढावबिच देशलाई स्थायित्व र समृद्धिको मार्गमा अघि बढाउन राजनीतिक नेतृत्व र नागरिक दुवैले परिपक्वता, विवेक र दूरदर्शिता देखाउनु आवश्यक छ । बाह्य अवरोधहरूलाई सामना गर्दै शान्ति र समुन्नतिको यात्रामा अघि बढ्न रणनीतिक तयारी आजको सबैभन्दा ठूलो आवश्यकता हो ।

## सामाजिक सञ्जाल



गोकुल बास्कोटा

खाडी क्षेत्रमा चर्केको युद्धका कारण संकटमा फसेका र फस्न सक्ने नेपालीहरूको सुरक्षा र उद्धारका लागि सरकारले आफ्नो सम्पूर्ण शक्ति अविलम्ब लगाउन पर्छ । नजिकबाट नियालिरहेको, सम्पर्कमा बसेको, समन्वय गरिरहेको जस्ता झारा टारुवा र बकम्फुसे कुराको कुनै काम छैन । नागरिक सुरक्षा पहिलो दायित्व हो ।




डा. विशाल ढकाल

आवेग, आक्रोश र असीमित आकांक्षा मिलेर बनेको झुन्डलाई साझेदारको रूपमा कुनै पनि काममा स्थान दिँदा काम कम, गलफती वा झगडा बढी हुन्छ । शान्त समाज र परिपक्व नेतृत्व सुदृढ समाजको प्रतिबिम्ब हो । कोलाहलको बाटो कि शान्तिको बाटो रोजाइ तपाईंको आफ्नै रोजाइ हो, मौका आउँछ पर्खँदैन है ।



राधाकृष्ण कटुवाल

नेपालमा बाच्न 'कि सरकारी कर्मचारी हुनु पऱ्यो, कि राजनीतिमा लाग्नु पऱ्यो' यी बाहेक काम गरेर बाच्न साह्रै गाह्रो छ ! ३० दिनको महिनामा १४ दिन बिदा अनि भनिँदै छ देश बनेन । जनताले कर तिर्नसम्म लाइनमा बस्नुपर्ने मात्र नभई समयमै तिर्न बुझाउन नपाउँदा जरिवाना समेत ब्यहोर्न बाध्य छन् ।



उषा कार्की

परिवर्तनलाई धेरैले भयका रूपमा हेर्छन्, तर परिवर्तन नै विकासको मूल सर्त हो । बीउले यदि आफ्नो पुरानो रूपलाई नत्याग्ने हो भने त्यो कहिल्यै वृक्ष बन्न सक्दैन । त्यसैगरी मानिसले पनि आफ्नो पुराना कमजोरी, सीमित सोच र डरलाई नछोडेसम्म नयाँ सम्भावनाको ढोका खुल्दैन । हरेक परिवर्तनमा पीडा हुन सक्छ तर त्यही पीडाले नयाँ क्षमताको जन्म गराउँछ ।



# राष्ट्रपतिद्वारा सन्तोष प्रकट

**काठमाडौं/मस**–राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा सदस्यको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भइ मुलुकमा उत्पन्न जटिल परिस्थितिले निकास पाएकोमा सन्तोष प्रकट गरेका छन् ।

राष्ट्रपति पौडेलले निर्वाचन सफल बनाउन सक्रिय सरकार, निर्वाचन आयोग, सुरक्षाकर्मी, राजनीतिक दल, आम मतदाता, राष्ट्रसेवक कर्मचारी र सम्बद्व सबै पक्षसहित सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीमा धन्यवाद प्रकट गरेका राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।

# ललितपुरमा ६८ प्रतिशत बढी मत खस्यो

**दीपकप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, २१ फागुन



ललितपुरमा निर्वाधरुपमा मतदान सम्पन्न भइ ६८ प्रतिशतभन्दा बढी मत खसेको जिल्ला निर्वाचन अधिकारी गोमा धमला घिमिरेले जानकारी दिएकी छिन् ।

जिल्लामा नख्खु कारागार र नमुना मच्छिन्द्र मावि अस्थायी मतदान केन्द्र र एक सय ३१ वटा मतदान केन्द्र रहेकोमा सबै केन्द्रमा शान्तिपूर्णरुपमा मतदान सम्पन्न भएको जिल्ला सुरक्षा समितिका अध्यक्ष तथा ललितपुरका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले जानकारी दिए । यहाँ रहेको नख्खु कारागारमा रही मतदाता नामावलीमा नाम दर्ता भएका ७४ जना कैदी बन्दिसहित सुरक्षाकर्मी र मतदानमा खटिएका कर्मचारी गरी ९० जनाले मतदान गरेका छन् ।

जसमा दुई महिला र ८८ पुरुष रहेको जिल्ला निर्वाचन कार्यालयले जानकारी दिएको छ। नमुना मच्छिन्द्र मावि अस्थायी मतदान केन्द्र, लगनखेलमा जिल्ला स्थित सुरक्षाकर्मी, राष्ट्र सेवक कर्मचारीका लागि मतदानको व्यवस्था गरिएकोमा दुई सय २२ जनाले मतदान गरेको क्षेत्र नं. १ मा ५२ हजार ६ सय ३२ मत खसेको छ ।

क्षेत्र नं. २ मा ६१ हजार ९ सय ७५ मत खसेको छ भने क्षेत्र नं. ३ मा ६९ हजार ३ सय ९१ मत खसेको छ । जिल्ला र एक लाख ८३ हजार ९ सय ९८ मध्ये महिला ९२ हजार १ सय ६७ र पुरुष ९१ हजार ८ सय ३१ मत खसेको छ। जो ६८ दशमलव ३३ प्रतिशत मत खसेको मुख्य निर्वाचन अधिकृत पुनाराम खनालले जानकारी दिए। जिल्लाको सबै मतदान केन्द्रमा शान्तिपूर्णरुपमा मतदान सम्पन्न भएको ललितपु प्रहरी परिसरका सूचना अधिकारी एवम् एसपी गौतम मिश्रले जानकारी दिए ।

क्षेत्र नं. १ मा ३८ हजार आठ सय ४० जना महिला र ३८ हजार आठ सय ९७ जना पुरुषसहित ७७ हजार सात सय ३७ जना मतदाता रहेको जिल्ला निर्वाचन अधिकारी घिमिरेले बताइन् ।

क्षेत्र नं. २ मा ३९ मतदान स्थलमा एक सय चारवटा मतदान केन्द्र रहेका छन् । जहाँ ४३ हजार दुई सय ९८ जना महिला र ४५ हजार सात सय ८४ जना पुरुषसहित ८९ हजार ८२ जना मतदाता रहेको जिल्ला निर्वाचन अधिकारी घिमिरेले बताइन् ।

क्षेत्र नं. ३ मा ३९ मतदान स्थलमा एक सय १४ वटा मतदान केन्द्र रहेका छन् । जहाँ ४९ हजार चार सय ११ जना महिला र ५३ हजार २६ जना पुरुषसहित एक लाख दुई हजार चार सय ३७ जना मतदाता रहेको जिल्ला निर्वाचन अधिकारी घिमिरेले बताइन् ।

जिल्लाको क्षेत्र नं. १ को किटीनी मावि मतदान केन्द्र, गोदावरी, क्षेत्र नं. २ को पाटन मावि, पाटनढोका र क्षेत्र नं. ३ को जावलाखेल फुटबल मैदान मतदान स्थलमा निर्वाचनमा सम्पूर्ण मतदान कर्मचारी महिला मात्र रहेको जिल्ला निर्वाचन कार्यालयले जानकारी दिएको छ । ती मतदान स्थललाई महिलामैत्री मतदान स्थलमा समेत सौहार्द्धपूर्ण वातावरणमा मतदान सकिएको जिल्ला निर्वाचन अधिकारी घिमिरेले जानकारी दिइन् ।

# सर्लाहीमा ६० प्रतिशत मत खस्यो

**घनश्याम बलम्पाकी/मध्यान्ह**
सर्लाही, २१ फागुन



प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत सर्लाहीमा छिटपुटबाहेक शान्तिपूर्ण रुपमा मतदान सम्पन्न भएको छ ।

बिहीबार बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म भएको मतदानमा सर्लाही जिल्लाभर करिब ६० प्रतिसत बढी मत खसेको भनी प्रारम्भिक विवरण प्राप्त भएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख ऋषिराम पौडेलले जानकारी दिए ।

सर्लाहीको चारवटा निर्वाचन क्षेत्रमा ५ लाख ११ हजार ६ सय ६ जना मतदातामध्ये आधा भन्दा केही बढीले मतदान गरेको प्रारम्भिक विवरण आएको छ। सम्पूर्ण मतदान केन्द्रबाट निर्वाचन अधिकृतको कार्यालयहरुमा मतपेटिका प्राप्त भएपछि कूल खसेको मतको एकिन विवरण प्राप्त हुने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

सर्लाहीका मुख्य निर्वाचन अधिकृत पुष्पराज थपलियाले एकदुई ठाउँमा सामान्य विवाद बाहेक जिल्लाभर शान्तपूर्वक रुपमा मतदान सम्पन्न भएको बताए । क्षेत्र नं. ४ स्थित बलरा नगरपालिका-४, जब्दीमा रहेको प्राथमिक विद्यालय मतदान केन्द्रमा दलका प्रतिनिधिबिच विवाद भएपछि केही समय मतदान रोकिएको थियो । त्यहाँ तत्कालै प्रमुख जिल्ला अधिकारी रामुराज कडरियासहितको सुरक्षा अधिकारीको टोली पुगेर स्थिति नियन्त्रणमा लिएपछि सामान्य ढंगले मतदान कार्य सम्पन्न भएको छ ।

क्षेत्र नं.४ कै बसबरिया गाउँपालिकास्थित जनता मावि भवानीपुर मतदान केन्द्रमा पनि बिहान दलका प्रतिनिधिबिच विवाद हुँदा केहीबेर मतदान रोकिन पुगेको थियो । क्षेत्र नं. ४ को जब्दी र भवानीपुरबाहेक जिल्लाभर रहेका ६ सय २८ मतदान केन्द्रमा कहिँकतै विवाद नभइ शान्तिपूर्वक रुपमा मतदान सम्पन्न भएको हो ।

मतदान सम्पन्न भएसँगै चारवटै निर्वाचन क्षेत्रमा मतगणनाको तयारी अघि बढाइएको छ । सबै मतदान केन्द्रबाट मतपेटिका आएपछि मतगणना सुरु गर्नेबारे सर्वदलिय बैठक राखिने मुख्य निर्वाचन अधिकृत थपलियाले बताए ।

राजनीतिक दल तथा उम्मेदवारका प्रतिनिधिसहितको बैठक बसेर आचारसंहिता तयार पारेपछि मात्र मतगणना सुरु हुने छ । सर्लाहीमा चारवटै निर्वाचन क्षेत्रमा मतपेटिका जम्मा हुन र निर्वाचन अधिकृतको कार्यालयले बुझ्ने कार्य सम्पन्न हुन मध्यरात नै हुने अनुमान गरिएको छ । त्यसपछि सर्वपक्षिय बैठक बस्ने छ। बैठकले मध्यराति देखि नै मतगणना सुरु गर्ने निर्णय गरे रातिदेखि नै सुरु गरिने र अन्यथा शुक्रबार बिहानबाट मतगणना सुरु गरिने मुख्य निर्वाचन अधिकृत थपलियाले बताए । उनका अनुसार चारवटै निर्वाचन क्षेत्रमा मतगणनाका लागि तारजाली र सीसी क्यामेरा जडान गरेर मतगणनास्थल तयार पारिसकिएको छ ।

क्षेत्र नं. १ को लालबन्दी १० चन्द्रपुरस्थित १० नं. वडा कार्यालय, क्षेत्र नं. २ को मलंगवास्थित जिल्ला समन्वय समितिको सभा हल, क्षेत्र नं. ३ को हरिवनस्थित नापी कार्यालय हरिवन र क्षेत्र नं. ४ को गोडैता बजारस्थित बेणी भोला नमूना माध्यमिक विद्यालय गोडैता बजारमा मतगणना हुने जनाइएको छ ।

# परिवर्तनको आशा बोकेर मतदान



**काठमाडौं/मस**–काठमाडौं डिल्लीबजारस्थित पद्मकन्या विद्या आश्रम मतदान केन्द्रबाट भोट हालेर फर्कंदै गरेकी ९० वर्षीया शान्ता रेग्मीले जीवनमा कति पटक मतदान गरिन् भन्ने ठ्याक्कै सम्झना छैन ।

एउटै कुराको सम्झना भने उनलाई स्पष्ट छ, विगतका चुनावमा मत दिएका धेरै नेताहरू जितेर गए, तर अधिकांशले जनतासँग गरेका वाचा पूरा गर्न सकेनन् । कतिपय त फर्केर पनि आएनन् । 'अब त हामी डाँडापारिको घाम जस्तै भइसक्यौं,' उनले भनिन्,'हामीले दुःख पाए पनि हाम्रो नातिनातिना र छोराछोरीले दुःख नपाउन् भन्ने चाहना छ ।'

उनकी नातिनी विदेशमा छिन् । रेग्मीलाई लाग्छ देशमै रोजगारीको राम्रो वातावरण भइदिए युवापुस्ता विदेश जान बाध्य हुने थिएनन्। 'देशमै काम पाइयो भने किन विदेश बस्नुपर्थ्यो र ?' उनी प्रश्न गर्छिन् ।

डिल्लीबजारकै अर्का मतदाता गोकुल धितालले भने विगतलाई पूर्ण रूपमा निराशाजनक रुपमा लिएका छैनन् । उनी देशमा केही काम भएको मान्छन्, तर जनताको अपेक्षाअनुसार पर्याप्त भने हुन सकेको छैन । 'धेरै पटक मतदान गरियो । विगतमा केही पनि भएन भन्न मिल्दैन,'उनी भन्छन्, 'तर हाम्रो अपेक्षा जति छ, त्यति काम भएन ।' उनको विचारमा अहिलेको प्रमुख आवश्यकता सुशासन र रोजगारी हो ।

नयाँ पुस्ता, विशेषगरी 'जेनजी' को अपेक्षा सम्बोधन गर्नुपर्नेमा उनको जोड रहेको छ । 'युवाको विश्वास जित्न सके मात्रै देशको भविष्य बलियो हुन्छ,'उनले भने ।

# मतदाता गाउँ फर्किएसँगै पर्यटकको आगमन पनि बढ्दै



**मनाङ/मस**–मनाङमा मतदातासँगै पर्यटकको आगमन पनि बढ्दै गएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनमा बिहीबार मतदानका लागि आएका मतदातासँगै पर्यटकको चहलपहल बढ्न थालेको हो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालयका संरक्षण शिक्षा सहायक भुपेन्द्र गुरुङले प्रत्येक सवारीसाधनमा मतदातासँगै पर्यटकको आगमन बढ्दै गएको बताए । 'मतदाता फर्कन थालेसँगै पर्यटकको आगमन भइरहेको छ' उनले भने, 'दैनिक रूपमा ५०-६० पर्यटक आगमन भएको अभिलेख छ ।'

बिस्तारै 'सिजन' पनि सुरुवात भएको र यस पटक निर्वाचन पनि भएकाले मतदातासँगै पर्यटकको आगमन भइरहेको गुरुङले बताए । 'पर्यटकका लागि बसोबास गर्ने तथा होटल सरसफाइ गर्न बाँकी हुँदै पर्यटकको आगमन बढ्न थालेको छ', संरक्षण शिक्षा सहायक गुरुङले भने ।

यहाँ मौसम अनुकूल हुँदै गएका विदेशी पर्यटकको आगमन बढ्दै गएको उनले बताए । यतिबेला होटल तथा बसोबासका लागि व्यवस्थापन सहज हुने र भीडभाड कम हुने भएकाले पनि विदेशी पर्यटकको आगमन भइरहेको गुरुङको भनाइ छ ।

जिल्लावासी मतदानका लागि आइसकेका र सुरक्षित तवरबाट निर्वाचन सम्पन्न गर्न सम्पूर्ण तयारी गरिएको प्रमुख जिल्ला अधिकारी नवराज पौड्यालले जानकारी दिए । उनले निर्वाचनको समय भएकाले सुरक्षा निकायको बढी प्राथमिकतामा निर्वाचन सम्पन्न गर्नुमा रहेकाले सचेत भएर यात्रा गर्न पर्यटकलाई सुझाव दिइएको बताए । 'पर्यटन यहाँको प्रमुख आयस्रोत भएकाले पर्यटकको र निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गर्नुपर्ने दायित्वका कारण दुबै पक्षलाई ध्यान दिएर सुरक्षाको व्यवस्था गरिएको छ', प्रजिअ पौड्यालले भने ।

मनाङ आउने अधिकांश पर्यटक तिलिचो ताल हुँदै थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङ निस्कन्छन् भने केही पर्यटक लार्केभञ्ज्याङ हुँदै मनास्लुतर्फ लाग्ने गर्दछन् । साथै, पर्यटकहरू अन्नपूर्ण पदमार्गमार्फत मनाङबाट थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङ हुँदै पोखरा पुग्ने गर्दछन् । हिमाल, पहाडका दृश्य, मनाङवासीको संस्कार, संस्कृति, रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्न यहाँ पर्यटकको आकर्षण र आगमन हुने गरेको छ ।

अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेशीसहर नगरपालिका-७ मनांगे चौताराबाट पर्यटकले यात्राको सुरुआत गर्छन् । यस पदमार्गमा लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँचवटा जिल्ला जोडिएका छन् । विगतमा काठमाडौंदेखि बेँसीसहरसम्म सवारीसाधनमा आउने पर्यटक पछिल्लो समय सडक सञ्जालको सहजताले सवारीसाधनमा चामे, खाङ्सारसम्म पुग्ने गरेका छन् । त्यसपछि मात्रै मुख्य गन्तव्यतर्फ पदमार्गको यात्रा सुरु हुने गरेको छ ।

## नवपुस्ताका मतदाता भन्छन्–
# 'हाम्रो भविष्यसँग फेरि खेलबाड नहोस्'



**काठमाडौं/मस**– निर्वाचनमा यस पटक नयाँपुस्ता अर्थात् 'जेनजी' मतदाताको उत्साह उल्लेख्य देखिएको छ। पहिलोपटक मतदान गर्ने वा विदेशबाट फर्किएर मतदानमा सहभागी हुने युवाहरूले आफ्नो मतलाई देशको भविष्यसँग जोडेर हेरेका छन् ।

तीन वर्षदेखि अध्ययनका लागि क्यानडामा बस्दै आउनुभएकी २५ वर्षीया सुजानी श्रेष्ठ यस पटकको निर्वाचनमा सहभागी हुन नेपाल फर्किए। डिल्लीबजारस्थित पद्मकन्या विद्याश्रममा मतदान गरेपछि राससस‌ँग संवाद गर्दै उनले मतदान गर्न पाउँदा उत्साहित भएको प्रतिक्रिया दिए । उच्च शिक्षा र रोजगारीका लागि विदेशिनुपर्ने बाध्यताको अन्त्य र पारदर्शिता आगामी सरकारको प्राथमिकता हुनुपर्नेमा श्रेष्ठले जोड दिए ।

'यसपटक जसरी पनि मतदान गर्नुपर्छ भनेर म क्यानडाबाट भर्खरै नेपाल फर्किएको हुँ', उनले भने, 'अब बन्ने सरकारको पहिलो प्राथमिकतामा पारदर्शिता, सुशासन पर्नुपर्छ । हाम्रो देशमा भ्रष्टाचार बढी हुनाले युवाहरू विदेशिन बाध्य छन् । देशभित्रै गुणस्तरीय शिक्षा र रोजगारीको अवसर सृजना भएमा अधिकांश युवा स्वदेशमा बस्नेछन् । अब बन्ने सरकारले यी विषयलाई प्राथमिकतामा राखोस् भन्ने आशा छ ।'

मैतीदेवी घट्टेकुलो निवासी श्रेष्ठले यसअघिको निर्वाचनमा पनि मतदान गरिसकेका छन् । तर यस पटकको अनुभवमा आफू बढी उत्साहित र आशावादी रहेको बताए । श्रेष्ठले यस पटक परिवारभित्रै पनि फरकफरक राजनीतिक धारणा देखिएको उल्लेख गरे । 'हामीले लामो समयसम्म परिवारभित्रै दल र उम्मेदवारका एजेण्डाबारे छलफल गर्‍यौं । मैले मतदानमा स्वविवेक प्रयोग गरेको छु' उनले भने ।

पहिलो पटक निर्वाचनमा सहभागी भई मतदान गर्नुभएका १९ वर्षीया सार्थक संग्रौलाले आफू मतदान गर्न पाउँदा उत्साहित हुनुका साथै आफूलाई थप जिम्मेवार बनाएको धारणा राखे । काठमाडौं निर्वाचन क्षेत्र नं १ को मध्यबानेश्वरस्थित रत्नराज्य माध्यमिक विद्यालयमा मतदान गरिसकेपछि अनुभव सुनाउँदै उनले भने,'पहिलोपटक भोट हाल्दा केही अफ्ठयारो लागेको थियो, कसलाई भोट हाल्ने भन्ने अन्योल पनि थियो', उनले भने, 'मेरो मतको कदर हुन्छ, देशका लागि राम्रो हुन्छ भन्ने अपेक्षा छ ।' उनले बाबुआमासँग छलफल गरे पनि अन्तिम निर्णय भने आफ्नै विवेकबाट गरेको बताए ।

यस्तै, २६ वर्षीय मन्जुल पराजुली पनि पहिलोपटक मतदान गर्दा निकै उत्साहित देखिए। अनुहारमा देखिन्छ होला, म एकदम उत्साहित छु', उनले हाँस्दै भने । उनको अपेक्षा छ, अब देशमा राजनीतिक स्थिरता कायम हुन्छ । ' पछिल्ला राजनीतिक घटनाक्रमका घाउ अझै ताजा छन् । अब निर्वाचित नेतृत्वले पाठ सिकेर देशलाई स्थिरता दिनुपर्छ', उनले भने। पराजुलीले युवापुस्ताका जायज माग पूरा हुनुपर्नेमा जोड दिए।

सोही मतदानकेन्द्रमा मतदान गरेकी २४ वर्षीया आकृति सापकोटाले पनि यस पटकको निर्वाचनप्रति आशावादी रहेको बताइन् । 'यस पटकका उम्मेदवार सक्षम देखिन्छन् । के सही र के गलत भन्ने अनुभव पनि सबैले गरिसकेका छन्' उनले भनिन्,'पहिले जे भयो त्यही फेरि नदोहोरियोस्, हाम्रो भविष्य राम्रो बनोस् भन्ने चाहना छ ।' उनको यो दोस्रो मतदानको अनुभव हो । पहिलोपटक मतदान गर्दा परिवारको सल्लाहमा निर्णय गरेको भए पनि यस पटक भने दलका एजेण्डा अध्ययन गरेर आफूले निर्णय गरेको उनको भनाइ छ ।

# निर्वाचन आचारसंहिता विपरीत गतिविधिमा संलग्न २४ जना नियन्त्रणमा

**काठमाडौं/मस**– देशभरका विभिन्न मतदानस्थलमा निर्वाचन आचारसंहिता विपरीत र निर्वाचन विरोधी गतिविधिमा संलग्न २४ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। काठमाडौं उपत्यकामा १ जना, कोशी प्रदेशमा ३ जना, मधेश प्रदेशमा ४ जना, बागमती प्रदेशमा ७ जना, गण्डकी प्रदेशमा ३ जना, लुम्बिनी प्रदेशमा १ जना, कर्णाली प्रदेशमा १ जना र सुदूरपश्चिम प्रदेशमा ४ जना गरी २४ जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो । निर्वाचनको समयमा शान्ति सुरक्षा कायम राख्न र आचारसंहिता उल्लङ्घन गर्नेलाई कडा निगरानीमा राख्नुका साथै निर्वाचन आचारसंहिता विपरीत कार्यमा संलग्नहरूलाई तत्काल प्रहरीले नियन्त्रणमा लिएको छ ।

यसैगरी देशभरका विभिन्न स्थानबाट निर्वाचनको समयमा निर्वाचन आचारसंहिता विपरीत र विना अनुमति चलाइएका २ हजार ५ सय ९७ वटा सवारी साधनहरूलाई होल्ड गरिएको छ । जसमध्ये २ हजार ३ सय ५१ वटा २ पाङ्ग्रे र २ सय ४६ वटा चार पाङ्ग्रे सवारी साधनहरू रहेका छन् । काठमाडौं उपत्यकामा ८ सय ३० वटा, कोशी प्रदेशमा ११ वटा, मधेश प्रदेशमा १ सय ७९ वटा, बागमती प्रदेशमा २ सय ८४ वटा, गण्डकी प्रदेशमा २ सय ७६ वटा, लुम्बिनी प्रदेशमा ८ सय ८७ वटा, कर्णाली प्रदेशमा २२ वटा र सुदूरपश्चिम प्रदेशमा १ सय ८ वटा सवारी साधनहरू होल्ड गरिएको हो ।

यस्तै काठमाडौं उपत्यकाको २ ठाउँमा समेत गरी देशभरका १५ ठाउँमा शंकास्पद वस्तु फेला परेको छ। नेपाल प्रहरीले ती फेला परेका शंकास्पद वस्तुहरू डिस्पोजको लागि नेपाल सेनासँग आवश्यक समन्वय गरेको छ । प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को मतदान प्रक्रिया शान्तिपूर्ण, व्यवस्थित तथा सुरक्षित रूपमा सफलतापूवर्क सम्पन्न गर्न नेपाल प्रहरी देशै भर प्रभावकारी रूपमा परिचालित भई आफ्नो जिम्मेवारी उत्कृष्ट रूपमा वहन गरेको छ। प्रहरी महानिरीक्षक दान बहादुर कार्कीको स्पष्ट कार्यादेश अनुरूप निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन आधारभूत तहदेखि विशिष्ट श्रेणी सम्मका सम्पूर्ण प्रहरी कर्मचारीहरू उच्च मनोबल, कर्तव्यनिष्ठा र समर्पणका साथ खटिएको हो। उपलब्ध स्रोतसाधनको उच्चतम प्रयोगका साथै निर्वाचन क्षेत्रमा देखा पर्न सक्ने सानो भन्दा सानो सुरक्षा चुनौतीलाई सुक्ष्म रूपमा विश्लेषण गरी अन्य सुरक्षा निकायसँगको निरन्तर समन्वय एवम् सहकार्य गरी नेपाल प्रहरीले आफ्नो भूमिका निर्वाह गरेको छ ।

**सूचना ! सूचना !! सूचना !!!**

**(प्रकाशित मितिः २०८२/११/२२)**

राष्ट्रिय अपाङ्ग महासंघ नेपालको १०औं महाधिवेशन तथा २३औं वार्षिक साधारण सभा आगामी २०८२/१२/२७ र २८ गते बुटवलमा (रुपन्देही जिल्ला) तपशिल बमोजिमका एजेन्डासहित आयोजना गरिने हुँदा राष्ट्रिय अपाङ्ग महासंघ नेपालमा आबद्ध सबै सदस्य संस्थाहरूको जानकारीका लागि राष्ट्रिय अपाङ्ग महासंघ नेपालको विधान २०५० को पाँचौं संशोधन २०७४ को दफा ११ (१) को (ङ) बमोजिम यो ३५ दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

१. २३औं वार्षिक साधारण सभा तथा १०औं महाधिवेशनमा छलफल गरिने एजेन्डाहरू:
(क) कार्य प्रगति प्रतिवेदन र भावी कार्ययोजना
(ख) आर्थिक प्रगति प्रतिवेदन र भावी अनुमानित बजेट
(ग) लेखा परीक्षकको नियुक्ति
२. २३औं वार्षिक साधारण सभा तथा १०औं महाधिवेशनमा आबद्ध सदस्य संस्थाहरूबाट प्रतिनिधि पठाउँदा राष्ट्रिय अपाङ्ग महासंघ नेपालको विधान २०५० को पाँचौं संशोधन २०७४ बमोजिम विधानको परिच्छेद ४ को दफा ११ (१) (क) बमोजिम प्रतिनिधि छनोट गरी पासपोर्ट साइजको १ प्रति फोटोसहित सम्बन्धित संस्थाको लेटर हेडमा लेखि पठाउनुपर्नेछ । साथै कार्यक्रम स्थलमा भाग लिन आउँदा आफ्नो परिचय खुल्ने कागजात आफ्नो साथमा अनिवार्य ल्याउनुपर्नेछ । अन्यथा व्यक्ति स्वयं जवाफदेही हुनुपर्नेछ ।
३. राष्ट्रिय अपाङ्ग महासंघ नेपालको विधान २०५० को पाँचौं संशोधन २०७४ को परिच्छेद ४ को दफा ११ (१) (च) मा उल्लेख भए बमोजिम साधारण सभा तथा महाधिवेशनमा आउँदा-जाँदा र आवासलगायत सम्पूर्ण खर्च स्वयं व्यक्ति वा सम्बन्धित सदस्य संस्थाले व्यहोर्नुपर्नेछ ।
४. प्रतिनिधिको नामावली पठाउँदा सम्बन्धित प्रदेशको वा संघको इमेलमार्फत पठाउनुपर्नेछ । थप जानकारीका लागि राष्ट्रिय अपाङ्ग महासंघ नेपालको website: www.nfdn.org.np मा हेर्नुहोला ।
५. सार्वजनिक अभियोग प्रमाणित भएका र महासंघबाट निष्कासन/निलम्बन/कारबाही गरिएका व्यक्तिहरु प्रतिनिधि भइ आएमा स्वतः रद्द गरिने छ ।

**मलेसियामा रोजगार**
कम्पनी : XINYI ENERGY SMART SDN BHD
पूर्व स्वीकृत मितिः २०८२/११/२१ चलानी नं.: ६०२५३२२६
शहर : MALAYSIA
LT. No.:339915

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | General Worker/factory Worker | 52 | 0 | स. काममा दक्ष | 1700 | ६३,४६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २९ गते (13 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SKILL LINK RECRUITMENT PVT. LTD.**
Govt Lic. No. 1747/081/082
Budhanilkantha-9, Sukedhara, Kathmandu, Nepal, Tel No: +977 1 5925447, 5923447,
Email: info@skilllink.com.np, Website: www.skilllink.com.np


मध्यान्ह
www.madhyanhadaily.com
२२ फागुन २०८२ शुक्रबार
6 March 2026 Friday


# चुनावमा कलाकारको सक्रिय सहभागिता












**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ फागुन

यसपटकको प्रतिनिधिसभा निर्वाचनले राजनीतिक वृत्त मात्र होइन, मनोरञ्जन जगतलाई पनि व्यापक रूपमा तान्यो । फिल्म, संगीत, हिपहप र ब्युटी पेजेन्ट क्षेत्रका चर्चित अनुहारहरू मतदान केन्द्रमा देखिँदा सामाजिक सञ्जालदेखि मतदानस्थलसम्म उत्साहपूर्ण माहोल बनेको थियो ।

विशेषगरी युवापुस्तासँग प्रत्यक्ष जोडिएका कलाकार र सेलिब्रेटीले मतदानलाई 'नागरिक जिम्मेवारी' र 'परिवर्तनको संकेत'का रूपमा प्रस्तुत गरेका छन् । धेरैले पहिलोपटक भोट हाल्ने अनुभव सार्वजनिक गर्दै लोकतान्त्रिक प्रक्रियामा आफ्नो उपस्थितिलाई अर्थपूर्ण बनाएका छन् ।

नेपाली हिपहप क्षेत्र यसपटक विशेष रूपमा सक्रिय देखियो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाहको राजनीतिक उदयसँगै हिपहप समुदायमा चुनावप्रतिको आकर्षण बढेको विश्लेषण भइरहेको छ ।

र्‍यापर भियोमा, मिस्टर डी र लाउरेसहित थुप्रै कलाकारले मतदान गरेको जानकारी सामाजिक सञ्जालमार्फत सार्वजनिक गरे ।

मिस्टर डीले जीवनकै पहिलो भोट हालेको उल्लेख गर्दै लेखे, 'योभन्दा अगाडि कसैले पनि मेरो भोटको लायक महसुस गराएको थिएन ।'

भियोमाले मतदानपछि 'यो मतको प्रायश्चित गर्नुपर्ने छैन' भन्दै राष्ट्रप्रेमको भाव व्यक्त गरे भने लाउरेले देश शान्ति र समृद्धिको बाटोमा अघि बढोस् भन्ने कामना गरेका छन् ।

हिपहप कलाकारले निर्वाचनअघि केही उम्मेदवारको पक्षमा गीत सार्वजनिक गर्नु पनि यसपटकको चुनावी परिदृश्यको नयाँ पक्ष बनेको छ । संगीत र चुनावको यस्तो प्रत्यक्ष संगम नेपाली लोकतान्त्रिक अभ्यासमा विरलै देखिन्थ्यो ।

पहिले राजनीतिबाट टाढा रहेको मानिने सौन्दर्य प्रतियोगिता क्षेत्र पनि यसपटक उल्लेख्य रूपमा सक्रिय देखियो ।

वर्तमान मिस नेपाल लुना लुइँटेल र पूर्वमिस नेपाल अस्मी केसीले पहिलोपटक मतदान गरेको अनुभव बाँडे । उनीहरूले देशमा सकारात्मक परिवर्तनको अपेक्षा व्यक्त गरेका छन् ।

पूर्वमिस नेपाल माल्भिका सुब्बा र सदिक्षा श्रेष्ठले पनि मतदानमा सहभागिता जनाए ।

फिल्म क्षेत्रका चर्चित कलाकारले पनि मतदानलाई उत्सवकै रूपमा लिए । अभिनेत्री प्रियंका कार्की र अभिनेता आयुष्मान जोशीले मतदानपछि तस्वीर सार्वजनिक गर्दै आफ्नो मत परिवर्तन र आशाप्रति समर्पित रहेको उल्लेख गरे ।

अभिनेत्री स्वस्तिमा खड्का ले पनि आफ्नो मत शहीदप्रति समर्पित रहेको बताउँदै लोकतान्त्रिक प्रक्रियामा सहभागी भएको सन्देश दिइन् ।

अभिनेता दीपकराज गिरीको मतदानसँग रोचक परम्परा जोडिएको छ । काठमाडौं-९ का मतदाता उनी हरेक चुनावमा ठिक ४:५५ बजे मतदान गर्ने गर्छन् । यसपटक पनि उनले सोही समय रोज्दै आफू अन्तिम मतदाता भएको बताए । उनले मतदानपछि लोकतन्त्र र समृद्धिको कामना गरेका छन् ।

वरिष्ठ कलाकार हरिवंश आचार्यले मतदानपछि देशले सक्षम नेतृत्व पाउने विश्वास व्यक्त गरे । हास्यकलाकार मनोज गजुरेलले लाइनमा उभिएर मतदान गरेको अनुभव सुनाउँदै लोकतन्त्रको सुन्दर रूप नै मतदान भएको बताए । अभिनेत्री रेखा थापाले काठमाडौं-४ बाट मतदान गर्दै दलहरूलाई मिलेर देश बनाउन शुभकामना दिइन् ।

अभिनेता विजय बरालले सर्लाहीबाट मतदान गर्दै 'मेरो सानो मतले ठुलो परिवर्तन ल्याओस्' भन्ने आशा व्यक्त गरेका छन् ।

विश्लेषकहरूका अनुसार, यसपटक देखिएको सक्रियता संयोग मात्र होइन । पहिलो, युवापुस्तामा राजनीतिक चेतना तीव्र गतिमा फैलिएको छ । बेरोजगारी, शहरी अव्यवस्था, भ्रष्टाचारजस्ता मुद्दाले उनीहरूलाई प्रत्यक्ष असर गर्ने भएकाले कलाकारहरू पनि सार्वजनिक रूपमा धारणा व्यक्त गर्न थालेका छन् । दोस्रो, वैकल्पिक राजनीतिक शक्तिको उदयले नयाँ प्रतिनिधित्वको भावना जन्माएको छ । हिपहप पृष्ठभूमिबाट आएका नेतृत्वको उदयले कलाकार समुदायलाई राजनीतिमा प्रवेश सम्भव रहेको संकेत दिएको छ ।

तेस्रो, सामाजिक सञ्जालको प्रभाव । इन्स्टाग्राम, फेसबुक, टिकटकजस्ता प्लेटफर्मले कलाकारलाई लाखौं युवासँग प्रत्यक्ष संवादको अवसर दिएको छ । मतदानको फोटो वा धारणा सार्वजनिक गर्नु अब व्यक्तिगत मात्र नभई सार्वजनिक सन्देश बनेको छ ।

चौथो, ब्युटी पेजेन्ट संस्कृतिमा आएको परिवर्तन । 'सोसल कज' र महिला नेतृत्वका मुद्दा जोडिँदै जाँदा यो क्षेत्र पनि लोकतान्त्रिक प्रक्रियाप्रति संवेदनशील बनेको छ ।

समग्रमा हेर्दा, यसपटकको निर्वाचनले कला र राजनीति बीचको दूरी घटेको संकेत दिएको छ ।

हिपहप कलाकारदेखि मिस नेपालसम्म, वरिष्ठ हास्यकलाकारदेखि युवा अभिनेतासम्म–सबैले मतदानलाई व्यक्तिगत अधिकार मात्र होइन, सामाजिक उत्तरदायित्वका रूपमा प्रस्तुत गरेका छन् ।

यसले विकसित हुँदै गएको युवा राजनीतिक संस्कृतिलाई पनि संकेत गर्छ, जहाँ प्रभावशाली अनुहारहरू मौन दर्शक होइन, सक्रिय नागरिकका रूपमा उभिन थालेका छन् ।

मतदान केन्द्रमा देखिएको यो उत्साहले आगामी दिनमा कला, समाज र राजनीतिबीचको सम्बन्ध अझ घनिष्ठ हुने सम्भावना देखाएको छ ।

# 'तुम्बाड २' मा नवाजुद्दीन सिद्दीकीको इन्ट्री

**काठमाडौं/एजेन्सी–** सन् २०१८ मा रिलिज भएर कल्ट क्लासिकको हैसियत बनाएको भारतीय हरर फिल्म तुम्बाडको बहुप्रतीक्षित सिक्वेल 'तुम्बाड २'मा बलिउड अभिनेता नवाजुद्दीन सिद्दीकी अनुबन्धित भएका छन् । निर्माताले सामाजिक सञ्जालमार्फत उनको औपचारिक प्रवेशको घोषणा गरेसँगै दर्शकमाझ फिल्मप्रति उत्साह झन् बढेको छ ।

लेयर्ड र इन्टेन्स अभिनयका लागि चिनिने नवाजुद्दीनको 'तुम्बाड' युनिभर्समा आगमनलाई ठुलो सिर्जनात्मक निर्णयका रूपमा हेरिएको छ । यद्यपि, उनले निर्वाह गर्ने पात्रबारे विस्तृत विवरण गोप्य राखिएको छ । फिल्म निकट स्रोतका अनुसार उनी कथामा महत्वपूर्ण भूमिकामा देखिनेछन्, जसले फिल्मको मनोवैज्ञानिक र भावनात्मक आयामलाई थप गहिरो बनाउने अपेक्षा गरिएको छ ।

फिल्ममा अनुबन्धित भएसँगै नवाजुद्दीनले 'तुम्बाड'को मौलिकता र त्यसको डार्क वातावरणप्रति आफू सधैं प्रभावित रहेको बताएका छन् । उनका अनुसार निर्माता-अभिनेता सोहम शाह ले सिक्वेलको भिजन सुनाएपछि कथा तुरुन्तै मन परेको थियो ।



उनले भनेका छन्, 'म तुम्बाडको मौलिकता र त्यसको गाढा वातावरणको सधैं प्रशंसक हुँ । जब सिक्वेलको परिकल्पना सुनें, कथा तुरुन्तै आकर्षक लाग्यो । यो निकै इमर्सिभ र लगनशील प्रोजेक्ट हो, जसको हिस्सा बन्न पाउँदा उत्साहित छु ।'

निर्माता सोहम शाहले पनि नवाजजस्ता शक्तिशाली कलाकारको उपस्थितिले फिल्मलाई नयाँ उचाइ दिने विश्वास व्यक्त गरेका छन् । उनका अनुसार नवाज प्रत्येक पात्रमा गहिरो समर्पण र सच्चाइ लिएर आउँछन्, जसले कथालाई अझ जीवन्त बनाउनेछ ।

'तुम्बाड २'लाई पेन स्टुडियोज को साथ प्राप्त भएको छ । निर्माता जन्तीलाल गडाले स्टुडियो सधैं उत्कृष्ट कन्टेन्टप्रति प्रतिबद्ध रहेको बताउँदै सिक्वेललाई ठूलो सिनेम्याटिक स्तरमा प्रस्तुत गरिने जानकारी दिएका छन् ।

पेन स्टुडियोजले यसअघि कहानी, गंगुबाई काठियावाडी र आरआरआर जस्ता सफल फिल्ममार्फत आफ्नो बलियो पहिचान बनाइसकेको छ ।

करिब १५ करोड भारु बजेटमा बनेको 'तुम्बाड'ले आफ्नो प्रारम्भिक प्रदर्शन र सन् २०२४ को पुनः प्रदर्शनसहित भारतमा मात्र ५३ करोड ४६ लाख भारु ग्रस कमाइ गरेको थियो । विशेषगरी पुनः प्रदर्शनमा ३० करोड ५० लाख भारु कमाउँदै यसले नयाँ कीर्तिमान कायम गरेको थियो ।

फिल्मको प्रिमियर प्रतिष्ठित भिन्स फिल्म फेस्टिभलमा भएको थियो, जसले अन्तर्राष्ट्रिय स्तरमै चर्चा बटुलेको थियो । बलियो दृश्यभाषा, मिथकीय पृष्ठभूमि र लोभ-लालचजस्ता मानवीय विषयवस्तुलाई डार्क फ्यान्टासी शैलीमा प्रस्तुत गर्दै पहिलो भागले दर्शकमाझ गहिरो प्रभाव छाडेको थियो ।

छायांकन चाँडै सुरु हुने तयारीमा रहेको 'तुम्बाड २' अहिले वर्षकै बहुप्रतिक्षित भारतीय फिल्ममध्ये एक बनेको छ । नवाजुद्दीनको प्रवेशसँगै सिक्वेल पहिलेभन्दा अझ डर लाग्दो, मनोवैज्ञानिक रूपमा जटिल र सम्झनलायक बन्ने अपेक्षा गरिएको छ ।

पहिलो भागले जस्तै गहिरो वातावरण र प्रतीकात्मक कथन शैलीलाई निरन्तरता दिने विश्वास गरिएको यो सिक्वेलले 'तुम्बाड' युनिभर्सलाई नयाँ उचाइमा पुऱ्याउने कि छैन भन्ने प्रश्न अब दर्शकको प्रतीक्षासँग जोडिएको छ ।

मध्याह्न
www.madhyanhadaily.com



# भिएआरले कसरी बदल्दै छ फुटबल ?

**काठमाडौं/एजेन्सी–** लिभरपुलका महान् प्रशिक्षक बिल श्यांक्लीले सन् १९५९ देखि १९७४ को बीचमा टोली सम्हाल्दा एक पटक भनेका थिए, ' फुटबल एक साधारण खेल हो, जसले अझ राम्रोसँग जान्नुपर्ने हो उनीहरूले नै जटिल बनाइदिए ।' श्यांक्लीले व्यवस्थापन गरेको त्यो युगमा न त अहिलेको जस्तो चौबिसै घण्टा समाचार आउने सञ्चारमाध्यम थिए, न त भिडियो असिस्टेन्ट रेफ्री (भिएआर) नै । यदि उनी आजको युगमा प्रशिक्षक हुन्थे भने, फुटबलको बढ्दो जटिलता देखेर पक्कै अझ कडा शब्दहरू प्रयोग गर्थे होलान् ।

अहिलेको फुटबलमा ह्यान्डबल, अफसाइड र भिएआर जस्ता नियमहरू यति धेरै परिवर्तन भइसकेका छन् । जसका कारण समर्थकहरूका लागि मैदानमा के भइरहेको छ भनेर बुझ्न कठिन हुन थालेको छ ।


सबैलाई अलमलमा पार्ने नियम हालको समयमा फुटबलको सबैभन्दा अन्योलपूर्ण नियम ह्यान्डबल बनेको छ । फुटबलका दिग्गज एलन शियररले बिबिसी स्पोर्ट्ससँग कुरा गर्दै भनेका छन्, 'मलाई ह्यान्डबलको नियम मन पर्दैन, उनीहरूले यसलाई पूर्ण रूपमा बिगारेका छन् ।' उनका अनुसार नियतवश, नजिकको दूरी, प्राकृतिक वा अप्राकृतिक जस्ता शब्दहरूको व्याख्याले यो नियमलाई काम नलाग्ने बनाएको छ ।

अहिलेको नियम अनुसार, कुनै गोल गर्दा स्ट्राइकरको हातमा बल झुक्किएर लाग्दा पनि गोल रद्द हुन सक्छ, तर त्यस्तै अवस्थामा डिफेन्डरको हातमा लाग्दा पेनाल्टी नहुन सक्छ । अन्तर्राष्ट्रिय फुटबल संघ बोर्डले २०१४ देखि नै ह्यान्डबलको पुनर्व्याख्या सुरु गरेको थियो, तर भिएआर आएपछि यसले झन् जटिलता थपेको छ ।

अफसाइड र 'डेलिब्रेट प्ले' (सचेत खेल) को विवाद अफसाइड पनि अहिले विवादको मुख्य विषय बनेको छ । बल नछोइकन पनि विपक्षी खेलाडीलाई प्रभाव पारेको भन्दै गोलहरू रद्द हुने गरेका छन् । उदाहरणका लागि, म्यानचेस्टर सिटी र लिभरपुलको खेलमा एन्ड्र्यु रोबर्टसनले बलबाट टाउको झुकाउँदा विपक्षी गोलकिपरलाई बाधा पुगेको भन्दै भर्जिल भान डाइकको गोल रद्द गरिएको थियो ।

त्यस्तै, 'डेलिब्रेट प्ले' (सचेत खेल)को व्याख्या झन् अस्पष्ट छ । यदि कुनै डिफेन्डरले बल क्लियर गर्न खोज्दा बलमा थोरै मात्र सम्पर्क भयो र त्यो बल विपक्षी स्ट्राइकरकहाँ पुग्यो भने, त्यसलाई नियन्त्रित नतिजा नमानिएसम्म अफसाइड नै मानिने नयाँ प्रावधान ल्याइएको छ । यो नियम २०२१ को नेसन्स लिग फाइनलमा किलियन एमबाप्पेले गरेको विवादास्पद गोलपछि थप परिमार्जन गरिएको हो ।

मैदानमा रेफ्रीले दिने रातो कार्ड र ' एड्भान्टेज' दिने निर्णयमा पनि समर्थकहरू रुष्ट देखिन्छन् । नियम अनुसार, यदि कुनै खेलाडीले रातो कार्ड पाउने गरी फल गरेको छ भने, तुरुन्तै गोल हुने अवस्थाबाहेक रेफ्रीले खेल रोक्नैपर्छ । हालै आर्सनल र चेल्सीको खेलमा ग्याब्रियल मार्टिनेली लड्दा पनि रेफ्रीले खेल रोकेर विपक्षीलाई दोस्रो पहेँलो कार्ड दिएपछि समर्थकहरूले एड्भान्टेज नदिएको भन्दै हुटिङ गरेका थिए ।




## भिएआर : खेल कि प्राविधिक बहस ?

भिएआरले खेलको गति सुस्त बनाउनुका साथै फुटबललाई सूक्ष्म परीक्षणको विषय बनाएको छ । पहिले समर्थकहरू खेल हेर्थे, निर्णयमा असहमति जनाउँथे र आफ्नो बाटो लाग्थे । तर अहिले हरेक सानो कुराको चाहे त्यो हातको स्थिति होस् वा हिंसक व्यवहार- विस्तृत व्याख्या रेफ्रीहरूका लागि मात्र बनाइएका गोप्य बुँदाहरूका आधारमा गरिन्छ । यसले गर्दा फुटबल एक साधारण खेलबाट प्राविधिक बहसको विषयमा परिणत भएको छ ।

भविष्य अझ जटिल बन्दै क्षबद को पछिल्लो बैठक अनुसार, आगामी सिजनदेखि फुटबल अझ जटिल हुने देखिएको छ ।

नयाँ नियमहरू अनुसार कर्नर किकहरूमा पनि भिएआर चेक हुनेछ । थ्रो-इन र गोल किक प्रहार गर्न ५ सेकेन्डको काउन्टडाउन राखिनेछ । मैदानबाट बाहिरिने खेलाडीले १० सेकेन्डभित्र बाहिरिनुपर्नेछ । उपचार पाएका खेलाडीले एक मिनेटसम्म मैदान बाहिर बस्नुपर्नेछ ।

आर्सेन वेङ्गरको डेलाइट अफसाइड (शरीर पूर्ण रूपमा अगाडि हुँदा मात्र अफसाइड हुने) विचारको पनि परीक्षण भइरहेको छ ।

जसअनुसार फुटबलको नियम अब सरल हुने दिशामा छैन । प्राविधिक र सूक्ष्म नियमहरूका कारण यो खेल समर्थकहरूका लागि बुझ्न अझ चुनौतीपूर्ण बन्दै जाने देखिन्छ ।

# युनाइटेडको अपराजित यात्रामा ब्रेक




**काठमाडौं/एजेन्सी–** इंग्लिस प्रिमियर लिगको मिड-विक खेलहरूले उपाधि दौड र शीर्ष चारको प्रतिस्पर्धालाई थप रोमाञ्चक बनाएको छ । दोस्रो स्थानमा रहेको म्यान्चेस्टर सिटीले जित निस्काउन नसक्दा शीर्ष टोलीसँगको दूरी यथावत् रह्यो भने म्यान्चेस्टर युनाइटेडको अपराजित यात्रा टुंगिएको छ । उता चेल्सीले प्रभावशाली प्रदर्शन गर्दै महत्वपूर्ण तीन अंक बटुलेको छ ।

घरेलु मैदानमा भएको प्रतिस्पर्धात्मक खेलमा सिटीले दुईपटक अग्रता बनाए पनि त्यसलाई जोगाउन सकेन । ३१औं मिनेटमा एन्टोनी सेमेनियोको आकर्षक भली प्रहारबाट घरेलु टोलीले सुरुवाती अग्रता लियो । पहिलो हाफ सिटीको नियन्त्रणमा देखिए पनि दोस्रो हाफ सुरु भएसँगै खेलको रफ्तार फेरियो ।

नटिंघमका गिब्स-ह्वाइटले बराबरी गोल फर्काउँदै पाहुना टोलीलाई खेलमा फर्काए । ६२औं मिनेटमा रोड्रीले सिटीलाई पुनः २-१ को अग्रता दिलाएपछि घरेलु समर्थकले जित सुनिश्चित भएको अनुमान गरेका थिए ।

तर ७६औं मिनेटमा इलियट एन्डरसनले उत्कृष्ट प्रहारमार्फत पुनः बराबरी गोल गर्दै खेल २-२ मा ल्याए । बाँकी समयमा दुवै टोलीले थप गोल गर्न नसक्दा अंक बाँड्न बाध्य भए ।

यो बराबरीसँगै २९ खेलबाट ६० अंक जोडेको सिटी दोस्रो स्थानमै अड्किएको छ । शीर्षस्थानमा रहेको आर्सनलसँग सिटीको दूरी अझै सात अंककै छ । उता नटिंघम २८ अंकसहित १७औं स्थानमा संघर्षरत छ ।

अघिल्ला चार खेलदेखि अपराजित रहेको म्यानचेस्टर युनाइटेडले न्युक्यासलसँग रोमाञ्चक हार व्यहोरेको छ ।

पहिलो हाफको इन्जुरी समयमा एन्थोनी गोर्डनले गोल गर्दै न्युक्यासललाई अग्रता दिलाए । तर त्यसको केहीबेरमै क्यासेमिरोले बराबरी गोल फर्काउँदै खेल १-१ मा ल्याए ।

दोस्रो हाफमा दुवै टोलीले अवसर सिर्जना गरे पनि निर्णायक क्षण खेलको अन्त्यतिर आयो । ९०औं मिनेटमा विलियम ओसुलाले गोल गर्दै घरेलु टोलीको जित पक्का गरे ।

यो जितसँगै न्युक्यासल ३९ अंकका साथ १२औं स्थानमा उक्लिएको छ । पराजित भए पनि म्यानचेस्टर युनाइटेड ५१ अंकसहित तेस्रो स्थानमा कायम छ ।

एस्टन भिल्लाको घरेलु मैदानमा चेल्सीले आक्रामक खेल प्रदर्शन गर्दै ४-१ को फराकिलो जित निकाल्यो ।

खेलको दोस्रो मिनेटमै डोगुलास लुइजले गोल गर्दै भिल्लालाई अग्रता दिलाए । तर त्यो अग्रता लामो समय टिकेन । ३५औं मिनेटमा जोआओ पेड्रोले बराबरी गोल फर्काए ।

पहिलो हाफको इन्जुरी समयमा पुनः पेड्रोले व्यक्तिगत दोस्रो गोल गर्दै चेल्सीलाई २-१ को अग्रतामा पुऱ्याए । दोस्रो हाफमा कोल पाल्मेरले ५५औं मिनेटमा अर्को गोल थपे । ६४औं मिनेटमा पेड्रोले ह्याट्रिक पूरा गरेपछि खेल चेल्सीको पक्षमा स्पष्ट बन्यो ।

जितसँगै चेल्सी ४८ अंकसहित पाँचौं स्थानमा उक्लिएको छ । पराजित एस्टन भिल्ला ५१ अंकका साथ चौथो स्थानमा कायम छ ।

मिड-विक खेलपछिको अवस्थाले उपाधि दौड मात्र होइन, शीर्ष चारको प्रतिस्पर्धा पनि कडा बनेको संकेत गरेको छ । सिटीले अंक गुमाउँदा आर्सेनललाई राहत मिलेको छ भने युनाइटेड र भिल्लाको हारले चेल्सीलाई फाइदा पुगेको छ ।

अब आगामी खेलहरूले उपाधि र च्याम्पियन्स लिग स्थानको होडमा थप निर्णायक मोड ल्याउने देखिन्छ ।

# राहुल द्रविड र रविचन्द्रन आश्विनले स्कटिस टी-२० टोली किन्ने

**काठमाडौं/एजेन्सी–** भारतीय क्रिकेटका दुई महान् खेलाडी राहुल द्रविड र रविचन्द्रन आश्विनले युरोपेली टी-२० प्रिमियर लिगमा एउटा फ्रेन्चाइज टोली खरिद गर्ने भएका छन् । बीबीसी स्पोर्ट्सका अनुसार उनीहरू सम्मिलित एक भारतीय कन्सोर्टियमले स्कटल्यान्डको ग्लासगोमा आधारित फ्रेन्चाइज टोली किन्नका लागि सम्झौता गरिसकेका छन् ।

६ वटा टोली सहभागी हुने यो प्रतियोगिता यसै वर्षको अगस्ट २६ देखि सेप्टेम्बर २० सम्म आयोजना हुँदैछ ।

द्रविडको स्कटल्यान्डसँगको ऐतिहासिक सम्बन्ध भारतीय टोलीका पूर्व मुख्य प्रशिक्षक तथा दिग्गज ब्याटर राहुल द्रविडको स्कटिस क्रिकेटसँग पुरानो सम्बन्ध छ । उनले सन् २००३ मा स्कटल्यान्डका लागि विदेशी व्यावसायिक खेलाडीको रूपमा एक सिजन क्रिकेट खेलेका थिए । त्यस समयमा उनले नेसनल क्रिकेट लिगका ११ खेलमा ३ शतकसहित ६०० रन बनाएका थिए । ५३ वर्षीय द्रविड सन् २०२१ देखि २०२४ सम्म भारतीय पुरुष टोलीको मुख्य प्रशिक्षक थिए ।

३९ वर्षीय स्पिन-बलिङ अलराउन्डर रविचन्द्रन आश्विनले सन् २०२४ डिसेम्बरमा अन्तर्राष्ट्रिय क्रिकेट र गत वर्ष आइपिएलबाट सन्यास लिएका थिए । उनले विश्वव्यापी फ्रेन्चाइज लिगहरूमा खेल्ने इच्छा व्यक्त गर्दै आएका छन् । यदि आश्विन यस लिगमा खेलाडीका रूपमा पनि सहभागी भएमा यो आयोजकहरूका लागि ठुलो उपलब्धि हुनेछ । हाल उनी घुँडाको चोटका कारण उपचार र पुनर्स्थापना प्रक्रियामा छन् ।






अन्य ठुला लगानीकर्ता र लिगको संरचना यस लिगमा बलिउड अभिनेता अभिषेक बच्चन पनि 'रुल्स स्पोर्ट टेक' नामक कम्पनीसँग मिलेर सह-मालिकका रूपमा रहेका छन् । नेदरल्यान्ड्सको रोटरड्याममा आधारित अर्को टोली दक्षिण अफ्रिकी पूर्व खेलाडीहरू फाफ डु प्लेसिस, हेनरिक क्लासेन र जोन्टी रोड्स सम्मिलित समूहले खरिद गर्ने तयारी गरेको छ । यसअघि नै एम्स्टर्डम, बेलफास्ट र एडिनबर्गका टोलीहरू अस्ट्रेलियाली र न्युजिल्यान्डका लगानीकर्ताहरूले खरिद गरिसकेका छन् ।

लिगको पृष्ठभूमि र बजेट आयरल्यान्ड, स्कटल्यान्ड र नेदरल्यान्ड्सका क्रिकेट बोर्डहरूको सहकार्यमा यो लिग सञ्चालन हुन लागेको हो । रिपोर्टका अनुसार यी फ्रेन्चाइजहरू १० वर्षको अवधिका लागि करिब १ करोड ११ लाख पाउण्ड (१ करोड ५० लाख डलर) मा बिक्री गरिएका हुन् । प्रत्येक टोलीले एक सिजनमा खेलाडीको पारिश्रमिकका लागि करिब ११ लाख पाउण्ड (१५ लाख डलर) खर्च गर्न पाउने बजेट सीमा तोकिएको छ ।

# केनले चोटका कारण मोन्चेंग्लाड्बाचविरुद्धको खेल गुमाउने

**काठमाडौं/एजेन्सी–** जर्मन शीर्ष डिभिजन बुन्डेसलिगअन्तर्गत शुक्रबार हुने प्रतिस्पर्धामा बार्यन म्युनिकले महत्वपूर्ण खेलाडीको साथ पाउने छैन । टोलीका प्रमुख स्ट्राइकर ह्यारी केन चोटका कारण बोरुसिया मोन्चेंग्लाड्बाचविरुद्धको खेलमा अनुपस्थित रहने पक्का भएको हो ।

बिहीबार आयोजित पत्रकार सम्मेलनमा बार्यनका मुख्य प्रशिक्षक भिन्सेन्ट कोम्पनीले केनको चोटबारे जानकारी दिँदै उनी पूर्ण रूपमा फिट नभएकाले जोखिम नलिने निर्णय गरिएको स्पष्ट पारे । उनका अनुसार केनको खुट्टाको मासंपेशीमा समस्या देखिएको छ ।

'उनको चोट गम्भीर प्रकारको होइन, तर पूर्ण रूपमा निको भइसकेको अवस्था पनि होइन । केही दिन आराम गरेपछि उनी पुनः टोलीमा फर्कने अपेक्षा छ,' कोम्पनीले भने ।

बार्यन हाल लिग तालिकाको शीर्ष स्थानमा रहेको छ । गत मार्च १ मा भएको 'डेर क्लासिकर'मा बोरुसिया डोर्टमन्डलाई ३-२ ले हराउँदै बार्यन शीर्ष स्थानमा उक्लिएको थियो । त्यस जितपछि टोलीले उपाधि दौडमा आफ्नो पकड मजबुत बनाएको छ ।

यद्यपि, केनको अनुपस्थितिले आक्रमण पंक्तिमा असर पर्ने विश्लेषण भइरहेको छ । यस सिजन उनले निरन्तर गोल गर्दै बार्यनको सफलतामा केन्द्रीय भूमिका निर्वाह गरेका छन् ।

चालु संस्करणको बुन्डेसलिगामा केनले ३० गोल पूरा गरिसकेका छन् । औसतमा हरेक चार खेलमा कम्तीमा दुई गोल गर्ने लयमा रहेका उनले व्यक्तिगत प्रदर्शनका आधारमा नयाँ कीर्तिमानसमेत बनाएका छन् । गोल मात्रै होइन, टोलीको आक्रमण संरचना निर्माणमा पनि उनको योगदान महत्वपूर्ण मानिन्छ ।

विशेषगरी दबाबपूर्ण खेलमा निर्णायक क्षणमा गोल गर्न सक्ने क्षमताका कारण केन बार्यनका लागि 'गेम चेन्जर' सावित हुँदै आएका छन् । त्यसैले मोन्चेंग्लाड्बाचविरुद्धको खेलमा उनको अनुपस्थितिलाई बार्यन समर्थकले चिन्ताका रूपमा हेरेका छन् ।

केन उपलब्ध नहुँदा प्रशिक्षक कोम्पनीले आक्रमण लाइनमा वैकल्पिक संयोजन प्रयोग गर्ने सम्भावना छ । युवा तथा बेन्च खेलाडीलाई अवसर दिइने अनुमान गरिएको छ । उपाधि होड चर्किंदै गइरहेका बेला प्रत्येक खेल बार्यनका लागि महत्वपूर्ण बन्दै गएको छ ।

मोन्चेंग्लाड्बाचविरुद्धको खेलले शीर्ष स्थानको प्रतिस्पर्धालाई थप रोचक बनाउने अपेक्षा गरिएको छ । केन केही दिनमै मैदानमा फर्कने संकेत सकारात्मक भए पनि, यो खेलमा उनको अभाव बार्यनका लागि परीक्षणकै रूपमा रहनेछ ।

गो.हु.का.द.नं. ३३/०६९/०७०
२२ फागुन २०८२ शुक्रबार
6 March 2026 Friday

# चुनावी उत्सव–२०८२




















प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**